# वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता

## अध्ययन प्रतिवेदन

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
फोनः +९७७-१-४२११९७०
फ्याक्सः +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

# वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता

## अध्ययन प्रतिवेदन

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि अध्ययनकर्ता पुरूषोत्तम प्रसाद तिवारीद्वारा तयार गरिएको वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता अध्ययन प्रतिवेदन २०७८ ।

## विषय सूची


१ पृष्ठभूमि १

१.१ विगतको प्रयास २

१.२ वर्तमान अवस्था ३

१.३ चुनौतिहरू ३

२ अध्ययनको उद्देश्य ४

३ अध्ययनको प्रश्न ५

४ विगतमा गरिएका अध्ययनको समीक्षा ५

५ अध्ययनको पद्धति / विधि ६

६. अध्ययनको सीमा ७

७. वाणिज्य नीति २०७२ को समीक्षा ७

७.१ नीतिका विशेषताहरू ८

७.२ नीतिका दुरदृष्टि तथा लक्ष्य १०

७.३ वाणिज्य नीति, २०७२ र पन्धौ पञ्चवर्षीय योजना वाणिज्य क्षेत्रको उद्देश्य १०

७.४ वाणिज्य नीति २०७२ कार्यान्वनय रणनीति तथा कार्यनीति र पन्धौ पञ्चवर्षीय योजनाले अवलम्वन गरेको रणनीतिहरू ११

८. वाणिज्य नीति २०७२ को कार्यान्वयन समीक्षा १२

८.१ नीतिगत समीक्षा १३

८.२ संरचनागत समीक्षा १४

८.२.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १५

८.२.२ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय "वोर्ड अफ ट्रेड" १५

८.२.३ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र १८

८.२.४ राष्ट्रिय योजना आयोग २०

८.२.५ वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग २१

८.२.६ अन्य निकायहरू (भन्सार, कृषि, गोदाम पारवहन इन मोडल आदि) २१

**८.३. प्रक्रियागत समीक्षा** २१

**८.४ कानूनी समीक्षा** २३

**९. वाणिज्य नीतिको अनुगमन मूल्याङ्कन व्यवस्था र कार्यान्वयन** २४

**10. नीतिका सहयोगी र परिपुरक अन्य व्यवस्था** २६

क) **औद्योगिक नीति, २०६७-** २६

ख) **पन्ध्रौं पञ्चवर्षीय योजना** २७

ग) **व्यापार घाटा न्यूनीकरण सम्वन्धी राष्ट्रिय योजना, २०७५** २८

घ) **नेपाल व्यापार एकीकृत रणनीति, २०७३ (NITS)-** २८

ङ) **राष्ट्रिय वैद्धिक सम्पत्ति सम्वन्धी नीति, २०७३-** २९

च) **वैदेशिक लगानी नीति, २०७१** ३०

छ) अन्य सहयोगी नीतिहरू ३०

**११. वाणिज्य नीति, २०७२ पश्चात नेपालको वैदेशिक व्यापारको स्थिति ३०**

**१२. वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारीका लागि गर्नुपर्ने सुधार सम्बन्धमा सुझाव र सुझाव कार्यान्वयन सम्बन्धमा गरिनुपर्ने व्यवहार ३३**

**१३ उपसंहार ३९**

**१४ अनुसूचीहरू ४०**

अनुसूची १: नीति अध्ययन गर्दा छलफल र सम्पर्क गरिएका महानुभावहरूको नामावली ४०

आनुसूची २: वाणिज्य नीति, २०७२ को कार्यान्वयन प्रभावकारिता अध्ययन सन्दर्भमा ४०

१५ सन्दर्भ सामग्री ४०

# कार्यकारी सारांश

वाणिज्य कुनै पनि राष्ट्रिय अर्थतन्त्रको भरपर्दो स्तम्भको रूपमा रहेको हुन्छ। आन्तरिक र बाह्य व्यापारको समष्टिगत स्वरूपको विकास र प्रवर्द्धन गर्ने अन्तरराष्ट्रिय परिस्थिति अनुरूप, राष्ट्रिय क्षमता (उत्पादनमा) विकास व्यापार कौशल र व्यापार नीति, रणनीतिको सही अवलम्वनले नै प्रभाव र महत्व राख्दछ।

नेपालमा पनि वाणिज्य क्षेत्रको योगदान अर्थतन्त्रमा आधिकाधिक पुर्याउने प्रयोजनका लागि वाणिज्य नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने क्रममा २०७२ सालमा नयाँ वाणिज्य नीति, २०७२ तर्जुमा गरी कार्यान्वयमा ल्याइएको हो।

नेपाल वैदेशिक व्यापारमा निर्यात भन्दा आयात ज्यादै ठुलो परिमाणमा हुन गई व्यापार घाटाको खाडल ठुलो हुँदै जानु चिन्ताको विषयको रूपमा रहेको छ। नेपालको आन्तरिक उत्पादन, उत्पादकत्व गुणस्तरमा समस्या देखा पर्नुका साथै वैदेशिक व्यापार व्यवस्थापन, अन्तरराष्ट्रिय प्रतिवद्धता अनुरूपको व्यवस्थापन र व्यापारमा सुधार गरिनु अति आवश्यक समयमा ती समस्या र चुनौतिको समाधानका लागि यो वाणिज्य नीति आएको हो।

वाणिज्य नीति, २०७२ मा कार्यान्वयनमा आएको र कार्यान्वयनको पनि ५ वर्ष भै सकेपछि कार्यान्वयमा प्रभावकारी अध्ययन गरिनु सान्दर्भिक भएकोले "नीतिले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि रणनीति, कार्यनीति संस्थागत व्यवस्था, प्रक्रियागत सुधार हुन सके नसकेको संक्षिप्त विश्लेषण गर्नु र दुरदृष्टि लक्ष्य प्राप्तिका लागि नीति रणनीति संस्थागत सुधार आदिको योगदान सम्बन्धमा संक्षिप्त विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत वाणिज्य नीति, २०७२ को कार्यान्वयको प्रभावकारी अध्ययन राष्ट्रिय आयोगका लागि गरिएको छ।

प्रस्तुत अध्ययनमा वाणिज्य नीति, २०७२ मा भएका व्यवस्था र प्रावधानको समीक्षा, नीतिका विशेषताहरू पहिल्याइएको छ। त्यस्तै नीति कार्यान्वयनको समीक्षा अन्तर्गत नीति कार्यान्वयमा संलग्न संस्थाहरूको संस्थागत समीक्षा, कार्यान्वयनको प्रक्रियागत समीक्षा, कानूनी समीक्षा, वाणिज्य नीतिको अनुगमन मूल्याङ्कन व्यवस्थाको समीक्षा गरिएको छ। प्रस्तुत नीति कार्यान्वयनमा प्रत्यक्ष

र परोक्ष रूपमा सम्वन्धी अन्य नीति कार्यनीति एवम् कार्यविधिका सम्बन्धमा पनि उल्लेख गरिएको छ ।

खासमा वाणिज्य नीति कार्यान्वयनको प्रभावकारिताको मुख्य मापदण्ड भनेकै नेपालको वैदेशिक व्यापारमा रहेको घाटा कम हुनु नै हो र समीक्षाको क्रममा विगत ७ वर्षदेखिको व्यापार (आयात निर्यात) को अवस्थालाई अध्ययन विश्लेषण गर्दा कुनै महत्वपूर्ण उपलब्धी हासिल नभई क्रमशः समस्या बढ्दो रूपमा अघि बढेको देखिएको छ । यो नीति कार्यान्वयनको सफलताका लागि समस्याकै रूपमा देखा परेको छ । वर्ष २०१४ मा आयात निर्यात अनुपात ८.५ प्रतिशत रहेकोमा वर्ष २०२० मा ११.९ प्रतिशत पुग्नुलाई सकारात्मक मान्न सकिंदैन ।

वाणिज्य नीति, २०७२ को कार्यान्वयनको सन्दर्भमा देखिएको अन्य समस्याको रूपमा नीति तर्जुमा कै क्रममा अध्ययन र अनुसन्धान नगरी राष्ट्रिय आवश्यकताको पहिचान कसरी गर्ने यो अवस्थामा नीतिले निर्धारण गरेको उद्देश्य अपुरो हुने स्थिति यस नीतिमा पनि रहेको छ । यसका अतिरिक्त निम्नानुसार कार्यान्वयन समस्या देखिएका छन् ।

१. नीति कार्यान्वयन काय योजना नहुनु ।

२. नीति कार्यान्वयको संस्थागत संयन्त्रहरू निर्माण (स्थापित) नहुनु र भएका पनि निस्क्रिय रहनु ।

३. वाणिज्य क्षेत्रलाई सम्बन्धित मन्त्रालयले प्राथिमकता दिन नसक्नु र वार्षिक बजेट तथा कार्यक्रममा परेका क्रियाकलाप पनि अस्पष्ट र सान्दर्भिक हुनु नसक्नु ।

४. नीति कार्यान्वयनका औजार (Instruments) पहिचान गरी निर्माण गर्नु पर्नेमा हुन सकेका छैनन् ।

५. नीतिले देखाएका कार्य पुरा गर्न तयार गर्नु पर्ने व्यापार पूर्वाधारहरू तयार नगरिनु ।

६. वाणिज्य नीतिसँग तादम्यता राख्ने अन्य नीति, रणनीति कार्यनीतिसँग सामनजस्ता नहुनु ।

७. कुनै पनि नीति स्वयं सकरकारले मात्र कार्यान्वयन गर्ने होइन, निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहन्छ तर यस नीति कार्यान्वयनमा नीति क्षेत्रलाई पनि महत्व दिएको छैन ।

८. व्यापार विकास र प्रवर्द्धनका लागि व्यापारका विभिन्न पक्षमा वैज्ञानिक अध्ययन अनुसन्धान हुनु जरुरी हुन्छ जुन कुरा नीतिले पनि इङ्गित गरेको छ र संस्था पहिचान पनि गरेको छ। तर कुनै विषयमा अध्ययन अनुसन्धान हुन सकेको छैन जसले गर्दा सहायता व्यापारका लागि (Aid for Trade) देश भित्रको उत्पादन ढुवानी आपूर्ति प्रणाली सूचना जस्ता कुराहरू एकाङ्की र वेवारीसे हुनु पुगेका छन् ।

९. नीतिको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन मूल्याङ्कनको सस्थागत कार्यगत (Indicators) हरू तयार नहुनु ।

१०. नीति कार्यान्वयमा नीतिगत, संस्थागत, प्रक्रियागत एव कानूनी कमि कमजोरी रहेका छन् र प्रतिफल अपेक्षित प्राप्त हुन सकेको छैन ।

प्रस्तुत समस्याहरू समाधान हुन नसकने भने होइन । समाधानका उपायहरूका कुनै तत्काल सुधार गर्न सकिन्छ भने कुनै सुधारका लागि समय आवश्यक पर्दछ । प्रस्ततु प्रतवेदनमा सुधार सुझाव प्रस्तुत गरिएको पनि छन्

१. सस्थागत रूपमा स्थापित निकाय सक्रिया बनाउनु जरुरी छ र स्थापित गरिनु पर्ने निकाय स्थापना गर्नुपर्दछ ।

२. नीति कार्यानवयन प्रभवाकारी बनाउन आवश्यक कानून कार्यविधि, निर्देशिका पहिचान गरी तर्जुमा गर्ने गरी अघि वढाउनु पर्छ ।

३. वाणिज्य नीति कार्यान्वयनमा प्राथमिकता वार्षिक कार्यक्रम वनाउदा नै महसुस गरिनु पर्छ ।

४. वाणिज्य क्षेत्रको विकास र प्रवर्नद्धका लागि अति आवश्यक विषयमा अध्ययन अनुसन्धान गर्ने व्यवस्था कार्यान्वयन गर्नका साथै प्रविधिमा आधारित सूचना संकलन र सञ्चारको संयन्त्र सशक्त बनाउन पर्छ ।

५. वाणिज्यसँग प्रत्यक्ष सम्बन्धित उत्पादन ढुवानी तथा वितरणको समन्वय एव उत्पादन र बजारीकरण प्रभावकारी बनाउन पूर्वाधार विकासलाई प्रथमिकता दिनुपर्छ ।

६. अनुगमन संयन्त्र क्रियाशील बनाइ, वार्षिक कार्यक्रम समीक्षाका आधारमा गहन अध्ययन गरी, आवश्यक मापदण्ड निर्माण गरिनु पर्छ ।

वाणिज्य नीति असफल भै सकेको छैन तर समयसापेक्ष परिमार्जनको आवश्यकता छ ।

# वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारिता अध्ययन प्रतिवेदन

## १. पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रको भरपर्दो र दिगो खम्बाको रूपमा वाणिज्य क्षेत्र रहको छ । र यसको विकासले मूलकको विकासको गति दिगो र द्रुतत्तर हुने कुरा स्पष्ट छ । नेपालमा पनि राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदानलाई बढाउँदै लागि मजवुत अर्थतन्त्रको स्थापना र निरन्तरताको आवश्यकता रहेकै छ । वाणिज्य क्षेत्र भन्नाले आन्तरिक व्यापार र अन्तरराष्ट्रिय व्यापारको समग्र स्वरूप हो । आन्तरिक क्षमता र उत्पादन वेगर अन्तरराष्ट्रिय व्यापारमा आफ्नो स्थान पाउन मुस्किन पर्ने हुन्छ । अन्तरराष्ट्रिय परिस्थिति राष्ट्रिय क्षमता व्यापार कौशल र नीति रणनीतिले नै वाणिज्य क्षेत्रको प्रभाव र महत्वलाई बढाउँछ ।

नेपालको दीर्घकालीन राष्ट्रिय चिन्तनको रूपमा "समृद्धि नेपाल सुखी नेपाली" भन्ने नारालाई ग्रहण गरेको छ । नेपालको समृद्धिको वाहाक भनेकै चलायमान र अग्रगामी अर्थव्यवस्था मजवुत आर्थिक स्तम्भहरू र सक्षम र सुशासित  शासन व्यवस्था नै हो । नेपालको मजवुत आर्थिक व्यवस्थाका लागि समय सापेक्ष दिगो सामर्थ्य र आवश्यकता अनुसारको समृद्धिका नीति अवलम्वन गर्नु हो ।

नेपालको इतिहासलाई स्मरण गर्ने हो भने मल्लकालभन्दा अघिदेखि नै नेपालको व्यापार भोटसँगै राम्रै फस्टाएको र व्यापारकै कारण नेपालको अवस्था पनि ओजपूर्ण रहेको देखिन्छ । वाणिज्य व्यापारको शक्ति कतिको प्रभावकारी हुन्छ भन्ने कुरामा छिमेकी भारतमा व्यापार वाणिज्यको लागि प्रवेश गरेको इष्ट इण्डिया कम्पनीले भारतमा शताव्दी भन्दा बढी आफ्नो राज्य अधिपति जमाएको कुराबाट पनि व्यापार वाणिज्यको शक्ति र महत्वको आकलन गर्न सकिन्छ । समृद्धि राष्ट्र निर्माणका लागि आवश्यक पर्ने तत्वहरूमा राज्यले अवलम्वन गरेका नीतिहरू र नियमहरूको प्रयोगको प्रभावकारिता अनुगमन र सही समय परिस्थितिमा सही कदमबाट नीतिले देखाएका कुराको कार्यान्वयनको सुनिश्चितताबाट हुने गर्छ ।

नेपालको समष्टिगत आर्थिक अवस्थालाई हेर्दा वाणिज्य क्षेत्रको योगदान सकारात्मक बढोत्तरीमा छ भन्ने नसकिए तापनि अवस्था घटोत्तरी तिर गएको पनि महसुस भएको छैन । यसका सूचाङ्कहरूलाई

असर पर्ने विविध कारण र कारक (Variables) होलान तर पनि वैदेशिक व्यापारका कारण अर्थतन्त्रले धान्न नसक्ने अवस्था देखिदैन ।

## १.१ विगतको प्रयास

वाणिज्य क्षेत्रलाई नेपाल एकीकरण हुनुअघि पनि महत्वपूर्ण आर्थिक क्रियाकलापको रूपमा लिइन्थ्यो, भारत र भोटसँगको वाणिज्यमा सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदानलाई अघि बढाउने रणनीति तत्कालीन शासकहरूले लिएको देखिन्छ । नेपालको एकीकरण पश्चात पनि राज्यले अवलम्वन गरेको वाणिज्य नीति र रणनीतिले नेपालको अर्थतन्त्रलाई अग्रमार्ग भै लगेको देखिन्छ र वाणिज्य नीति पनि सोही अनुरूप को अवलम्वन गरिएको पाइन्छ । पृथ्वीनारायण शाहको दिव्य उपदेशमा वाणिज्य र स्थानीय उद्यमशीलताले पाएको महत्वबाटै तत्काल राज्यले अवलम्वन गरेको नीति स्पष्ट हुन्छ । राणाकालमा पनि उद्योग र व्यापारले राम्रै स्थान पाएको र खासमा जुद्ध शम्शेर जङ्गबहादुर राणापछि यो क्षेत्रलाई बढी महत्व दिन थालिएको पाइन्छ ।

प्रजातन्त्र पश्चात कालमा पनि वाणिज्य क्षेत्रले महत्वपूर्ण रूपमा अर्थतन्त्रमा भूमिका निभाएकै हो । नीतिगत रूपमा व्यवस्थित र आवश्यकतानुसार दस्तावेजिकरण भै वाणिज्य नीति, २०४९ आएको थियो । वाणिज्य नीति २०४९ विश्व परिवेशमा आएको खुल्ला र उदार आर्थिक प्रणालीलाई आत्मसात गर्दै राष्ट्रिय अर्थतन्त्रको स्वरूपमा निजी क्षेत्रको भूमिकालाई सप्ष्ट रूपमा अङ्गीकार गरिएको थियो । यस नीतिमा खुल्ला तथा उदार आर्थिक वातावरण, सरकाको भूमिका सीमित र देश र वस्तु व्यापार विविधकरण असन्तुलित व्यापारलाई सन्तुलनमा ल्याउने, गुणस्तरीय उत्पादन र उत्पदकत्व, सेवा व्यापारको धारण संस्थागत व्यवस्था, कर प्रणालीका सुधार कार्यविधिमा सरलीकरण अन्य नीति र (औद्योगिक नीति, २०४९ विदेशी लगानी तथा प्रविधि नीति, २०४९) सँग तादम्यता जस्ता कुरालाई ध्यान दिइएको थियो । यो नीतिको कार्यान्वयनबाट राष्ट्रिय वाणिज्य क्षेत्रले नयाँ खुड्किलो पार गरी नयाँ परिवेशमा प्रवेश गरेको देखिन्छ ।

तत्पश्चात वाणिज्य नीति, २०६५ ले वाणिज्य नीति, २०४९ को तुलनामा नयाँ विस्तृत र फराकिलो सोच सहित वाणिज्य क्षेत्र अघि वढ्नु पर्छ भनी व्यापारले अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने सक्ने गरी अनुकुल वातावरण सिर्जना गर्ने निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्ने आय र रोजगारी वृद्धि गर्ने आन्तरिक र वैदेशिक व्यापार बीच अन्तरसम्बन्ध स्थापना गर्ने जस्ता रणनैतिक ध्येय

राखेको थियो । यो नीतिले संस्थागत व्यवस्था, निकासीजन्य तुलनात्मक लाभका वस्तुहरूको पहिचान छनौट उत्पादन प्रवर्द्धन तथा प्रक्रियागत सरलिकरण तर्फ उन्मुख थियो । मूलतः वाणिज्य नीतिको उद्देश्य र लक्ष्य व्यापार घाटा हुन नदिन र आन्तरिक उत्पादनको वृद्धि गरी सही बजार पहिचान गरी नर्यातलाई प्रोत्साहन हुने वातावरण सृजना गर्नु नै हो ।

यस समयमा पनि व्यापार घाटा घट्नुको साटो बढ्दो क्रममा रहेको देखिन्छ, नीतिमा पुनरावलोकन गर्नु आवश्यक देखियो । आपूर्ति क्षमताको विकास उत्पादन र उत्पादकत्वमा वृद्धि सेवा व्यापारको व्यापरिकरण, बौद्धिक सम्पत्तिको संरक्षणका साथै मूलतः व्यापार घाटा कसरी कम गर्ने भन्ने चिन्तनका वीच नयाँ नीतिको आवश्यकता महसुस भै वाणिज्य नीति, २०७२ ल्याइएको हो ।

## १.२ वर्तमान अवस्था

वाणिज्य नीतिको मूल लक्ष्य देशको उत्पादन र उत्पदकत्वमा वृद्धि गरी समुचित आपूर्ति प्रणालीद्वारा विश्ववजारमा आफ्ना उत्पादनलाई पुर्याइ राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदानमा वृद्धि गर्नु नै हो । तथापि नेपालको व्यापार घाटाको दर र रफ्तार प्रति वर्ष वढदै जाँदा वैदेशिक व्यापारले राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्न सक्ने अवस्था पनि आउने अवस्था हुन गयो । वास्तवमा हाम्रो वाणिज्य क्षेत्रमा देखिएका समस्याहरू परम्परागत र सीमित वस्तुको मात्र निर्यात हुनु, व्यापारमा आयात ज्यादै बढी हुनु, खर्चिलो उत्पादन र पारवहन, विश्ववजारमा पहुँचको कमि, असङ्गठित सेवा क्षेत्र, अप्रशोधित वस्तु निर्माण, गुणस्तरीयताको अभाव, बौद्धिक सम्पत्ति संरक्षणमा उदास, कमजोर आर्थिक कुटनीति जस्ता समस्याका कारण नै निकासी कम भै व्यापार घाटा हुनु पुगेको देखिन्छ । यसका अतिरिक्त देशमा उद्योग स्थापना गरी दीर्घसोच राखि लाभ लिने प्रवृत्ति भन्दा वाणिज्य र व्यापार गरी तत्काल लाभ कमाउने र सुसंस्कृत व्यापार भन्दा जे जस्तो गरी फाइदा लिई हाल्ने प्रवृत्तिले बढुवा पाउने वातावरण पनि व्यापार घाटा हुनुको प्रमुख कारण वन्न पुगेको हो ।

## १.३ चुनौतिहरू

उत्पादन (गुणस्तरीय) मा वृद्धि र उत्पादकत्वमा वृद्धि लगायत, प्रतिस्पर्धी क्षमताको विकास गरी नयाँ व्यापारको पहिचान, सेवा व्यापार क्षेत्रमा आएको अवसरको सदुपयोग, व्यापारको तुलनात्मक लाभको क्षेत्र रहेको वस्तुको प्रशोधन र व्यापार गर्ने वातावरणको अभाव, क्षणिक लाभ लिने मनोवृत्ति

निर्यात वृद्धिका लागि लागतमा कमि गर्ने प्रविधि र सुविधामा कमि जस्ता चुनौति आफै पनि विद्यमान हुँदा यी चुनौति सम्वोधन गर्ने गरी स्पष्ट नीतिको आवश्यकता महसुस भई वाणिज्य नीति, २०७२ सरकारले कार्यान्वयनमा ल्याएको हो ।

## २. अध्ययनको उद्देश्य

कुनै पनि नीतिको तर्जुमा र कार्यान्वयन राज्यले परिकल्पना गरेको मूल लक्ष्य प्राप्तिका लागि तत् क्षेत्रबाट योगदान आधिकाधिक पुर्याउने नै हो।त्यसै अनुरूप वाणिज्य नीति, २०७२ पनि राज्यले परिकल्पना गरेको *"समृद्धि नेपाल सुखी नेपाली"* लक्ष्य प्राप्तिमा वाणिज्य क्षेत्र र नीतिको अधिकतम योगदान रहोस् भन्नु नै हो । यो नीतिको तर्जुमा भै कार्यान्वयनमा आएको पनि ५ वर्ष भयो र यस नीतिको प्रभावकारिताको संक्षिप्त अध्ययन गर्नुको प्रमुख उद्देश्य नीतिले परिकल्पना गरेको दुरदृष्टिको र लक्ष्य प्राप्तीका लागि निर्धारण गरिएको उद्देश्य हासिल गर्न नीतिगत संरचनागत तथा प्रक्रियागत (कानून सहित) व्यवस्थाको कार्यान्वयन र त्यसको उपलब्धीलाई आकलन गर्नु नै हो।यसका अतिरिक्त यस अध्ययनका अन्य उद्देश्यहरू निम्नानुसार रहेको छन्।

क. वाणिज्य नीति, २०७२ ले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि तयार भएका रणनीति कार्यनीति संस्थागत व्यवस्था प्रक्रियागत सुधारको अवस्था सोच अनुसार भए नभएको विषयमा संक्षिप्त विश्लेषण गर्नु र

ख. नीति परिकल्पना गरेको दुरदृष्टि (vision) लक्ष्य (Objectives ) प्राप्तिका लागि तयार गरिएको नीति रणनीति, संस्थागत व्यवस्था र प्रक्रियागत सुधार प्रयास प्रर्याप्त भए नभएको सम्बन्धमा संक्षिप्त मूल्याङ्कन गरी सुझाव प्रदान गर्नु रहेको छ । नीतिको सफलता भनेकै व्यापार आयात निर्यातमा देखिएको भिन्नतालाई कसरी कम गरी निर्यात अभिवृद्धिको प्रयास भएको छ भन्ने नै मुख्य हुने कार्यलाई आधार लिएर विश्लेषण गरिने छ।

## ३. अध्ययनको प्रश्न

वाणिज्य नीति, २०७२ को कार्यान्वयन प्रभावकारिताको संक्षिप्त अध्ययन गर्दा निम्न प्रश्नको उत्तर खोज्ने गरी अध्ययन प्रयास गरिएको छ ।

ग. नयाँ वाणिज्य नीति, २०७२ आएपछि यसले परिलक्षित गरेको उद्देश्य अनुरूप र विगतका नीतिहरूमा देखिएको कमजोरी सुधार गर्न के कस्तो प्रयास गरिएको छ आकलन गरिने छ ।

घ. यो नीति नेपालको व्यापार एकीकृत रणनीति, २०७३ संगको सामान्जस्यताको अध्ययन एव नेपालको हालको वैदेशिक व्यापारको स्थितिका आधारमा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ

ङ. यो नीतिको व्यवस्था कार्यान्वयन बीच देखिएको कमिलाई मध्यनजर गर्दै केही नीतिगत केही संरचनागत (संस्थागत) र केही प्रक्रियागत सुझाव र कार्यान्वयनको स्वरूप प्रदान गर्ने प्रयास गरिएको छ ।

## ४. विगतमा गरिएका अध्ययनको समीक्षा

वाणिज्य नीति, २०७२ का सम्बन्धमा गरिएका अध्ययन र समीक्षा लगायत निर्यात अभिवृद्धिका सम्बन्धमा भएको विगतका अध्ययनहरू मध्य विश्व व्यापार सङ्गठनमा प्रस्तुत गरिएको Nepal Trade Policy Review 2018 दोश्रो प्रतिवेदन जुन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट तयार गरी प्रस्तुत गरिएको थियो । यसमा खासै वाणिज्य नीति, २०७२ को कार्यान्वयन समीक्षा हुन सकेको दखिएन । भर्खरै नीति आएको र आधारभूत विषय कार्यान्वयन शुरु भएको हुँदा पनि समीक्षा हुन नपाइएको हुन सक्छ तर यो समीक्षामा राष्ट्रिय वाणिज्य वातावरण तयार गर्न तयार गरिएका कानूनि नीतिगत संरचनागत र प्रक्रियागत सुधारको वृहत रूपमा (Micro) वस्तुस्थिति प्रष्ट गरिएको थियो । त्यसै गरी २०७५ सालमा नीति अनुसन्धान प्रतिष्ठानका लागि डा. सन्तोष अधिकारीद्वारा गरिएको Addressing Trade deficit of Nepal, Nepal Productive structure and avenues of diversification भन्ने अनुसन्धान प्रतिवेदनमा वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति २०७३ जुन एक अर्काको परिपुरक नीति रणनीति हुनको समीक्षा गरिएको छ। सो अनुसन्धान प्रतिवेदनले औंल्याएको केही वुँदाहरू निम्नानुसार रहेका थिए:

क. निर्यात प्रोत्साहन गर्न नेपाल सरकारले अपनाएका अनेकौ रणनीतिका वावजुद प्रत्येक वर्ष नेपालको व्यापार घाटा आकासिदै गएको छ।

ख. व्यापार घाटाको पूर्ति (विदेशी विनियम) विप्रेषणले धान्दै आएको छ ।

ग. विप्रेषणले आयको असमानता, आर्थिक वृद्धि र समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको हुन्छ

घ. नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले निर्यात प्रवर्द्धन समावेशी र दिगो विकासको ध्येय राख्दै निर्यात सम्भावित वस्तु तथा सेवाको पहिचान गरेको छ । यद्यपि सोचे जस्तो परिमाण दिएको देखिएन । अझ केही प्राथमिकतामा राखिएका वस्तुहरूको निर्यात यो रणनीति लाग भए पछि घट्दै गएको छ।

ङ. नेपाल व्यापार एकीकृत रणनीतिले प्राथिमकतामा राखेका वस्तु तुलनात्मक लाभ राख्दैन्न र तुलनात्मक लाभ लिन सक्ने वस्तु रणनीतिको सूचीमा परेका छैनन् ।

च. निर्यात प्रवर्द्धन परिषद (केन्द्र) ले ४ वटा वस्तुको (सूचीमा परेका) मात्र उत्पादन विकास रणनीति तयार गरेको छ ।

छ. वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक समीक्षामा नीतिको भन्दा पनि वार्षिक कार्यक्रमको प्रगति समीक्षा गर्ने गरिएको छ नीतिको व्यवस्था गरेको "वोर्ड अफ ट्रेड" र "व्यापार प्रवर्द्धन प्रतिष्ठान" बाट गरिएको समक्षाको समष्टि संरचनागत कार्यान्वयन समीक्षामा प्रस्तुत गरिएको छ।

# ५. अध्ययनको पद्धति/ विधि

यसको अध्ययनका लागि विवेचनात्मक विश्लेषणात्मक पद्धति अपनाइएको छ । वाणिज्य नीति, २०७२ को कार्यान्वयन स्थिति मूल्याङ्कन गर्न निम्न विधि अवलम्वन गरिएको छ ।

क. वाणिज्य नीति र सो सम्वद्ध साहित्य (Literature) योजना कार्यक्रम तथा अन्य दस्तावेजहरू अध्ययन गरी सो मा उल्लेखित संस्थागत व्यवस्था विषय निर्मित प्रक्रिया नीतिको अध्ययन विवेचना गरिएको छ ।

ख. नीति कार्यान्वयन गर्ने सम्वद्ध पदाधिकारीहरू प्रमुख सरोकारवालहरू प्राज्ञ, विज्ञ र प्रमुख सूचनादाताहरूसंगको छलफलका आधारमा गरिएको छलफल गरिएका पदिधकारीको नामावली अनुसुची १ मा उल्लेख गरिएको छ।

ग. नीति कार्यान्वयन सम्वन्धी मुख्य सूचनाहरू संकलन र विश्लेषण गरिएको छ।

घ. यो अध्ययन प्रतिवेदनको मस्यौदा राष्ट्रिय योजना आयोगमा गठित समितिमा छलफल/अन्तरक्रिया गरेर परिमार्जन सहित प्रस्तुत गरिएको छ।

## ६. अध्ययनको सीमा

वाणिज्य नीति, २०७२ ले समेटेको क्षेत्र र यसको परिपूरक नीतिहरू प्रसस्त र व्यापक रहेको छ। अध्ययनको लागि प्राप्त समय र अन्य अवस्थालाई ध्यानमा राख्दै विगतका प्रयास तथा वर्तमान नीति विश्लषण गर्दा संलग्न सन्दर्भ सामग्रीको अध्ययन र वार्षिक कार्यक्रम तथा वजेट संरचनागत (सस्थागत) क्रियाशीलता र गहनता एव उपलब्ध तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ । यस क्षेत्रका विज्ञ तथा कार्यान्वयनमा सलग्न केही पदाधिकारीहरू सँग छलफल र अन्तक्रिया गरी विश्लेषणको निष्कर्षलाई प्रमाणित (Verification) गर्ने प्रयास गरिएको छ । समय र परिस्थितिका कारण व्यापक छलफल र अन्तर्क्रिया भने गर्न सकिएन । तथापि वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदाधिकारीहरूसँग छलफल भने गरिएको छ ।

## ७. वाणिज्य नीति २०७२ को समीक्षा

विश्व व्यापार परिवेशमा देखिएका आयाम र अवसहरूलाई दृष्टिगत गरी नेपालले गरेको विश्व व्यापार सङ्गठनमा प्रतिवद्धताहरूलाई पालना गर्नु र आफ्नो संभाव्यतालाई बढावा दिने उद्देश्यले केही रणनीतिहरू कार्यान्वयनमा ल्याएको थियो । यस क्रममा सर्व प्रथम सन् २००४ मा नेपाल व्यापार प्रतिस्पर्धात्मक क्षमता अध्ययन २००४ को रूपमा रणनीतिको रूपमा सरकारले प्रथम रणनीति अवलम्वन गर्यो । यो रणनीति व्यापार एकीकृत गर्ने पहिचान अध्ययन (Diagnostic Trade Integration studies DTIS) को आधारमा तयार गरिएको थियो । तत् पश्चात नेपाल व्यापार एकीकृत रणनीति, २०१० तयार गरी २००४ को रणनीतिलाई परिमार्जन र नयाँ क्षेत्र पहिचान सहित नेपालबाट निर्यात हुन सक्ने संभाव्य वस्तु र सो को उत्पादन प्रवर्द्धन गर्ने कार्य विवरण तयार गरिएको थियो । यसै गरी २०७३ सालमा अर्को नेपाल व्यापार एकीकृत रणनति, २०१६(२०७२)

कार्यान्वयनमा ल्याइयो। यो तेश्रो पुस्ताको व्यापार रणनीति हो। यो रणनीतिले व्यापार क्षेत्रमा गरिन बाँकी विषय र व्यापारीक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको नीति अवलम्बित छ।

यिनै रणनीतिहरूका आधारमा देशको वाणिज्य व्यवस्थापन गरिनु आवश्यक थियो। वाणिज्य नीति, २०७२ नेपाल व्यापार एकीकृत रणनीति बीच तादम्यता ल्याउन आपूर्ति क्षमता विकास गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सेवा व्यापारको व्यापकता र बढावा गर्न बौदिक सम्पत्ति संरक्षण र प्रवर्द्धन व्यापार मूल प्रवाहीकरण गर्न व्यापार सहायता aid for Trade सस्थागत समाजिक उत्तदायित्व वहन गर्न र व्यापार वातावरण Trade Environment तयार गर्नु तथा विश्व व्यापार प्रणालिसँग नेपालको व्यापारलाई आवद्ध गराउने अवस्था सृजना गर्न तथा अन्तरराष्ट्रिय प्रतिवद्धता अनुरूप व्यापार अवसर ग्रहण र पालन गर्न ल्याउन जरुरी थियो।

## ७.१ यस नीतिका विशेषताहरू

मूलतः यो नीति वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकास गर्न नीतिगत संरचनागत तथा प्रक्रियागत सुधार गरी राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान वढाउनु विशेषता रहेको छ। यस नीतिका विशेषताहरू चर्चा गर्न यो नीति किन ल्याइयो भन्ने कुरालाई समान्य चर्चा गर्नु सान्दर्भिक देखिन्छ। यो भन्दा अगाडिका वाणिज्य नीतिहरू एकाङ्की थिए। अन्य नीतिहरूसँग सम्बन्ध र तादम्यता थिएन तर यो नीति अन्य नीतिहरू (कृषि उद्योग आदिसँग) तादम्यता राख्ने गरी तयार गरिएको छ।

त्यसैगरी यो नीति नेपालको व्यापार घाटालाई कम गर्न आपूर्ति व्यवस्थालाई सुदृण वनाइ निर्यात वृद्धि गर्न विश्व व्यापार सङ्गठनको घोषणा परिपूर्ति गर्न (सेवा शुल्क हटाउने उत्पात्तिको नियम) व्यापारलाई विश्व व्यारिकरण गर्न र आर्थिक उदारिकरण तथा विश्व व्यापारबाट फाइदा लिने अवस्था सृजना गर्न व्यापारलाई राष्ट्रिय अर्थतन्त्रमा मूल प्रवाहीकरण गर्न र खासमा व्यापारका लागि सहायता (Aid for Trade) लाई अवलम्वन गर्न ल्याएको थियो। यिनै परिप्रेक्षमा वाणिज्य नीति, २०७२ को व्यवस्थाका आधारमा यसका विशेषताहरूलाई निम्नानुसार संक्षिप्त व्याख्या गरिएको छ।

क. विगतका नीतिहरूको समीक्षाका आधारमा देखिएका कमि कमजोरीलाई सम्वोधन गर्ने प्रयास गरिएको छ

ख. नेपालका छिमेकी लगायत वैदेशिक व्यापारमा राम्रो अनुभवन भएका राष्ट्रहरूको वाणिज्य नीतिको अध्ययन गरी सारभूत कुरा ग्रहणको प्रयास भएको छ ।

ग. नयाँ नीति तर्जुमा गर्दा अपनाउनु पर्ने, गहन अध्ययन अनुसन्धान मस्यौदा तयारीमा सम्वद्ध पक्षहरूसँग परामर्श व्यापक अन्तर्क्रिया सहित नीति मस्यौदा गरिएको थियो ।

घ. अन्तरराष्ट्रिय जगतमा व्यापारको वहावमा आएको परिवर्तनको सम्वोधनको प्रयास र अन्तरराष्ट्रिय प्रतिवद्धता अनुरूपको व्यापार प्रावधान समावेश गर्ने प्रयास गरिएको छ।

ङ. नेपालमा तर्जुमा भै सकेका नीति, रणनीति कानुन र तर्जुमा मस्यौदाको क्रममा रहेका नीति रणनीति तथा कानून सँग तादम्यता कायम गर्ने प्रयास गरिएको छ (विकास सहायता नीति, २०७१, विदेशी लगानी नीति २०७१, दीर्घकालीन कृषि विकास रणनीति, २०७३ आदि सँग तादम्यता कायम गर्ने प्रयास भएको छ ।

च. सरकारको भूमिकामा सहजकर्ता उत्प्रेरक र नियमनकारी सीमित गरिएको छ।

छ. उत्पादनको प्रतिस्प्रर्धात्मक क्षमतामा अभिवृद्धि गरी तुलनात्मक लाभका वस्तु उत्पादन गरी निर्यात व्यापारमा वृद्धि गर्ने धेय राखिएको छ ।

ज. आपूर्ति व्यवस्थालाई सुदृढ वनाइ व्यापार घाटा कम गराउने प्रावधान राखिएको छ ।

झ. निर्यात गर्न सक्ने सेवाको प्रतिस्प्रर्धात्मक क्षमता वृद्धि गर्न प्रावधान राखिएको छ ।

ञ. उत्पादन लागत घटाइ व्यापार लगायतमा कम गराउने संस्थागत सुदृढिकरण र क्षमता विकासको प्रावधान राखिएको छ ।

ट. व्यापारलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख हिस्सको रूपमा स्थापित गराउने प्रावधान छ ।

ठ. व्यापार कुटनीतिको माध्यमबाट वहुराष्ट्रिय क्षेत्रीय व्यापारको वजार विस्तार गर्न प्रावधान छ ।

ड. नेपालको उत्पादनलाई अन्तरराष्ट्रिय वजारमा पुर्याउने र वौद्धिक सम्पत्तिको संरक्षण गर्ने प्रावधान छ।

ढ. नीजिक्षेत्रलाई प्रोत्साहन र क्षमता विकास गर्ने प्राविधान

ण. नविन प्रविधिका आधारमा व्यापारका अति आवश्यक सूचना जानकारी राख्ने र उपलब्ध गराउनुका साथै व्यापारका विषयमा भेला प्रदर्शनीको संस्थागत व्यवस्था र अध्ययन अनुसन्धानको प्रावधान रहेको छ।

त. संस्थागत रूपमा "वोर्ड अफ ट्रेड" र "व्यापार प्रवर्द्धन प्रतिप्ठान"को व्यवस्था गरिएको छ।

थ. नीति कार्यान्वनका लागि ऐन कानून कार्यविधि निर्देशिका तयार गरिने प्राविधान रहेको छ।

द.  नीतिको अनुगमन तथा मूल्याङ्कन समयवन रूपमा गर्ने र दायित्व सहित संस्थागत व्याख्या को प्रावधानको व्यवस्था छ।

## ७.२ नीतिका दुरदृष्टि तथा लक्ष्य

वाणिज्य नीति, २०७२ को दस्तावेज अनुसार नीतिको दुरदृष्टिमा **"निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाइ आर्थिक समृद्धि हासिल गर्नु"** रहेको छ। त्यसै गरी सरकारले पन्धौ पञ्चवर्षीय योजना २०७५/७६-२०८०/८१ अनुसार वाणिज्य तर्फको दुरदृष्टिमा आर्थिक सम्वृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात व्यास्थापन र व्यापार सन्तुलत गर्नु उल्लेख छ। यसरी दुरदृष्टिका हिसावले तुलनात्मक हेर्दा एक अर्काको परिपुरकको रूपमा देखिएता पनि प्राथमिकतामा भने आधारभूत रूपमा मित्रता भएको आभाष हुन्छ।

वाणिज्य नीति, २०७२ को लक्ष्यमा निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने रहेको छ। त्यस्तै पन्धौ पँचवर्षिय योजनाको वाणिज्य क्षेत्रको लक्ष्मा अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान अभिवृद्धि गर्ने रहेको छ।

सामान्य रूपले हेर्दा लक्ष्य समान जस्तो देखिएता पनि परणामता दुवैको लक्ष्य भिन्न भएको प्रष्ट देखिन्छ ।

दुरदृष्टि र लक्ष्यका हिसावमा वाणिज्य नीति, २०७२ आवधिक योजना बीच तालमेल अझै मिल्न वाँकी दखिन्छ ।

## ७.३ वाणिज्य नीति, २०७२ र पन्धौ पञ्चवर्षीय योजना वाणिज्य क्षेत्रको उद्देश्य

वाणिज्य नीति, २०७२ अनुसार प्रस्तुत नीतिका २ वटा उद्देश्य उल्लेख छ ती निमानुसारका रहेका छन् ।

क.  आपूर्तिजन्य क्षमताको सुदृढिकरण गर्ने र विश्व वजारमा मूल्य अभिवृद्धिमा आवद्ध नै प्रतिस्पर्धि वस्तु तथा सेवाको निकासी वढाइ व्यापार घाटा कम गर्ने,

ख.  क्षेत्रीय तथा विश्व वजारमा वस्तु तथा सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने,

यसै गरी पन्धौ पञ्चवर्षीय योजना अनुसार वाणिज्य क्षेत्रको उद्देश्य ३ वटा रहेका छन् र ती निम्नु अनुसार रहेका छन् ।

१. आधारभूत र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनमा वृद्धि गर्ने
२. आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापारको लागत कम गर्ने
३. नेपाली वस्तु तथा सेवाको अन्तरराष्ट्रिय मूल्य सृङखलामा आवद्धता अभिवृद्धि गर्नु

सो वाणिज्य नीति, २०७२ पन्धौ योजनाको उद्देश्यमा पनि सारभूत रहेको देखिन्छ।

## ७.४ वाणिज्य नीति २०७२ कार्यान्वयन रणनीति तथा कार्यनीति र पन्ध्रौं पञ्चवर्षीय योजनाले अवलम्वन गरेको रणनीतिहरू

वाणिज्य नीति, २०७२ को उद्देश्य प्राप्तीका लागि ९ वटा रणनीतिहरू पहिल्याएको छ ती निम्नुसार रहेकाव छन् ।

क. सरकारले सहजकर्ता उत्प्रेरक नियामकको भूमिका निर्वाह गर्दै नीजी क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्ने
ख. तुलनात्मक र प्रतिसपर्धा लाभको वस्तुहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने
ग. आपूर्तिजन्य क्षमता सुदृढीकरण गर्दै व्यापार घाटा कम गर्ने
घ. निर्यातजन्य सेवा क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने
ङ. व्यापार सहजिकरण तथा संस्थागत सुदृढिकरणको माध्यबाट कारोवार लागत घटाउने
च. व्यापारलाई अर्थतन्त्रको मुख्य संभाव्यको रूपमा स्थितिमूल प्रवाहीकरण गर्ने
छ. वहुपक्षीय क्षेत्रीय र द्विपक्षीय संयन्त्र तथा व्यापार कुटनीतिको माध्यमबाट बजार विस्तार र व्यापार जन्य क्षमता अभिवृद्धि गर्ने
ज. वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवै सुदृढ वनाइ एक अर्को समपुरको रूपमा क्षेत्रीय तथा विश्वव्यापी उत्पादन संजाल सँग आवद्ध गर्ने

झ. व्यापार सम्वद्ध बौद्धिक सम्पत्ति सम्बन्धित अधिकारको प्रवर्द्धन र संरक्षण गरी विश्व वजारमा नेपाली उत्पादनको पहुच वढाउने  पन्धौं पञ्चवर्षीय योजनाले वाणिज्य निकास र प्रवर्द्धनका लागि तय गरेका रणनीतिहरू निम्नानुसार रहेका छन्

१. आधारभूत तुलनात्मक लाभ र प्रतिस्पर्धीक्षमताका वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने

२. व्यापारजन्य प्रविधि र पूर्वाधार विकास तथा उपयोग व्यापार सहजीकरण र संस्थागत सुदृढिकरण गरी व्यापार लागत कम गर्ने

३. व्यापार सम्वद्ध वौद्धिक सम्मत्ति सम्वन्धी अधिकारको अन्तरराष्ट्रिय वबजारमा संरक्षण र प्रवर्द्धन गर्ने ।

४. आर्थिक कुटनीतिलाई सुदृढ तुल्याउदै व्यापार सम्वद्ध संयन्त्रको माध्यमबाट व्यापार जन्य क्षमता वढाउने ।

## ८. वाणिज्य नीति २०७२ को कार्यान्वयन समीक्षा

कुनै पनि नीति निर्माण समय परिस्थिति र राष्ट्रिय प्रतिवद्धता एवं संवैधानिक प्रावधानका आधारमा गरिन्छ । नीतिहरू तवमात्र सफल हुन्छन् जव उक्त नीति कार्यान्वयनको वातावरण वन्दछ र नीतिमा उल्लेखित प्रत्येक एकाइ कार्यान्वयन हुन्छन् । वास्तवमा नीति कार्यान्वयनको समीक्षा गर्दा, नीतिले प्रष्ठ गर्न खोजेको लक्ष्य तर्फको अग्रसरता, कार्यान्वयन वातावरण संस्थागत समन्वय परिणाम र परिणाम प्राप्तिका लागि आवश्यक श्रोत साधनको प्रयाप्तता नीति कार्यान्वयनको औजार उपकरणको व्यवस्था र कार्यान्वयन क्षमता आदिका आधारमा गरिन्छ । प्रस्तुत वाणिज्य नीति २०७२ को कार्यान्वयन समीक्षा गर्दा नीतिगत समीक्षा, संरचनागत, प्रक्रियागत तथा कानूनीय रूपमा कार्यान्वयन व्यवस्थालाई समीक्षा गरिएको छ।

## ८.१ नीतिगत समीक्षा

वाणिज्य नीतिले समग्र राष्ट्रको व्यापारलाई आधार बनाइ सो बाट राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने लक्ष्य दिएको हुन्छ। यस नीतिको ध्येय पनि त्यहि हो। ।तर नीतिका प्रावधान, व्यवस्थालाई ध्यानमा राख्ने हो भने यो नीतिले विदेशी व्यापारलाई बढि केन्द्रविन्दुमा राखेको देखिन्छ। आन्तरिक व्यापारको व्यवस्थापान र आन्तरिक उत्पादनको व्यापारिक वातावरण निर्माण र बजार व्यवस्थापनलाई यस नीतिले महत्व दिएको देखिंदैन। व्यापार भन्नाले वैदेशिक व्यापार मात्र होइन आन्तरिक व्यपारबाट पनि राष्ट्रिय अर्थतन्त्रमा ठुलो सहयोग पुग्छ भन्ने मान्यता आत्मासाथ गरेको छैन।

व्यापारमा Upward linkage / Backward linkage ले पनि ठुलो प्रवभाव परेको हुन्छ। Back ward linkage मा वस्तु उत्पादन, उत्पादकत्व लागत न्यूनिकरण आपूर्ति व्यवस्थाको सुगम्यता र वास्तविक उत्पादनकर्तालइ उच्ति प्रतिफलको सुनिश्चितता जस्ता कुराहरू रहेका हुन्छन।तर यस नीतिले व्यापारका Back ward linkage लाई उपयुक्त सम्वोधन गरेको छैन। आन्तरिक उत्पादनको र व्यापारको प्रतिस्पर्धात्मक क्षमता वढाउने भनितापनि त्यसका लागि आवश्यक पूर्वाधार, लागत कम पर्ने उपायहरू र प्रविधिका समन्वधमा प्रयाप्त व्यवस्था हुन सकेको छैन। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट व्यापार घाटा न्यूननीकरण सम्वन्धी राष्ट्रिय कार्ययोजना २०७५ तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। तर सस्थागत समन्वय अन्तर मन्त्रालय, निकाय वीचको समन्वय ढाँचा स्पष्ट छैन। यसले गर्दा नेपालको आन्तरिक उत्पादनको उपेक्षा हुनु र विदेशबाट वस्तु तथा सेवाको आपूर्तिमा व्यापारी बढी संलग्न हुने गरेको देखिएका छन्। उदाहरणका लागि नेपालमा उत्पादित तरकारी फलफूलको उचित व्यापारीक वातावरण नवन्दा ती वस्तु खेरजाने र विदेशमा उत्पादीत तिनै वस्ततुहरू महगोमा उपभोक्ताहरू समक्ष पुग्ने गरेको छ। यस्तो अवस्थाले आयातमा स्वतः वृद्धि गर्ने निर्यातमा कमि र आयत प्रतिस्थापन अवस्था कमजोर भएको छ। यहाँ संस्थागत समन्वय र नीतिगत रूपमा अस्पष्टता स्पष्ट देखिएको छ।

वाणिज्य नीति एउटा एकाङ्की रूपमा कार्यान्वयनमा ल्याउन ज्यादै गारो हुन्छ। यस नीतिको परिपुरको रूपमा औद्योगिक नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति तथा आपूर्ति नीति र ढुवानी

(रेल ट्रक र अन्य) नीति पनि छन् । ती नीतिहरूसँग समन्वयको व्यवस्था नीतिगत रूपमा गर्ने भनिए तापिन संरचना तयार हुन नसकेको प्रष्ट देखिन्छ ।

वाणिज्य नीति र राष्ट्रको आवधिक योजना (जुन राष्ट्रिय नीति कै स्वरूप हो ) विचको तालमेल पनि त्यतिकै महत्व हुन्छ । वाणिज्य नीति, २०७२ र पन्धौ पंच वार्षिय योजना बीच पनि तालमेल स्थापना हुन् आवश्यक छ। पञ्चवर्षीय योजनाको उद्देश्य र प्राथमिकता र वाणिज्य नीतिको उद्देश्य मै समानजस्यता स्थापित देखिदैन । त्यसै गरी नीति कार्यान्वयन सफलता पूर्वक सम्पन्न गर्न "नीति कार्यान्वयन कार्ययोजना" आवश्यक पर्छ । त्यसैका आधारमा कुन काम कहिले कस्ते कति लगायमा गर्ने भन्ने स्पष्ट कार्यनिर्देश गर्दछ तर यो नीति कार्यान्वयनका लागि कुनै कार्ययोजना वनेको पाइदैन । जस्ले गर्दा मन्त्रालय र अन्तर्गतको कार्यक्रम नीति र पञ्चवर्षीय योजना बीच तादम्यता स्थापित देखिदैन ।

सरकारको कार्य सहजकर्ता उत्प्रेरक र नियामक भनि नीतिमा उल्लेख गरी वाणिज्य नीतिको कार्यान्वयनमा नीजि क्षेत्रको अहम भूमिका अपेक्षा गरिएको छ।तर नीजि क्षेत्रबाट हुने गरिने र गरिनुपर्ने कार्य सम्बन्धमा नीतिले स्पष्ट मार्गनिर्देश गर्ने सकेको छैन ।

नेपाल व्यापार एकीकृत रणनीति २०१५-२०२० ले पहिचान गरेका निकासियोग्य वस्तु भनिएका वस्तु अपेक्षित मात्रमा निकासी हुन नसक्नु तथा उक्त रणनीतिको म्याद स्न २०२० मा समाप्त भै सक्दा पनि त्यसको मूल्याङ्कन गरी वन्द (Terminate) गरिएको छ त नया चरणमा (Phase) लैजाने कुनै कार्य भएको छ ।

नीतिको समन्वय, कार्यान्वयनका आधारभूत कार्य गर्नमा सरकारले प्राथिमकता दिएको मन्त्रालयले तयार गरेको योजना कार्यक्रम र बजेटबाट पुष्टी हुने अवस्था छैन ।

## ८.२ संरचनागत समीक्षा

संरचनागत हिसावले वाणिज्य नीति कार्यान्वयनमा प्रत्यक्ष संलग्न हुने निकायहरू निम्नानुसार देखिन्छन् ।

क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

ख. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय खासमा "वोर्ड अफ ट्रेड" सहित

ग. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

घ. राष्ट्रिय योजना आयोग

ङ. वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग

च. अन्य भन्सार, कृषि, गोदाम पारवहन, इन्टरमोडल आदि

## ८.२.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकारले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका नीतिहरूको कार्यान्वयनको अनुगमन, मूल्याङ्कन, निगरानी तथा कार्यान्वयनमा समस्या देखिएमा त्यसको गाँठो फुकाउने कार्य यस कार्यालयको हुने प्रष्ट छ । यस कार्यालयले नीति कार्यान्वयनका लागि वातावरण कार्यान्वयन कार्ययोजना बनाइ नीति कार्यान्वयन गर्ने संस्थाहरूलाई चलाएमान वनाउनु पर्नेमा आवश्यक सक्रियता देखाएको महसुस भएन। व्यापा घाटा न्यूनिकरण सम्वन्धी राष्ट्रिय कार्ययोजना २०७५ वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको दस्तावेज हो । यस कार्यनीतिले पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्य स्पष्ट गरेको छ तर नि कार्यको प्रभावकारी कार्यान्वयन भै परिणाम आउन सकेको छेन र निकासी खुम्चिदो र आयात वढदो क्रयमै रहेको छ ।

## ८.२.२ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय "वोर्ड अफ ट्रेड"

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार वाणिज्य नीति तर्जुमा कार्यान्वयन र मूल्याङ्कन जस्ता कार्यहरूको जिम्मेवारी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको हो। आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापारलाई वढाउदै राजगारीको सृजना गरी राष्ट्रिय संकल्प पुरा गर्ने जिम्मेवार निकाय यही मन्त्रालय हो ।वाणिज्य नीति, २०७२ को मस्यौदा पनि, वाणिज्य मन्त्रालयमा गठित समितिको अगुवाइमा विभिन्न प्रक्रियाहरू पुरा गरी गरिएको हो। यो मन्त्रालयले व्यापार क्षेत्रको प्रवर्द्धन र विकास गर्नका लागि, कानुन, नीतिगत संरचनागत एव प्रक्रियागत सुधार गर्ने जिम्मेवारी अनुरूप कार्य गर्दै आएको पनि छ। वाणिज्य नीतिको कार्यान्वयनको माथिल्लो निकाय (Apex body) यहि मन्त्रालय भएको सन्दर्भमा नीति कार्यान्वयनका चरणहरू त्यसको अनुगमन मूल्याङ्कन तथा नीतिले चाहेको उद्देश्य पुरा गर्न योजनावद्ध कार्यान्वय खाका तथा गरिनु पर्ने हुन्छ। नीति कार्यान्वयनमा

संलगन अन्य नकायहरू बीच समन्वय स्थापना गरी कुने समस्या वा बाधा फुकाउने कार्य पनि यसै मन्त्रालयबाट गरिनु पर्दछ ।

वाणिज्य नीति, २०७२ कार्यान्वयन गर्ने संस्थागत व्यवस्था अन्तर्गत दफा ११ मा "वोर्ड अफ ट्रेड" को व्यवस्था गरेको छ । यसको संरचनामा वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू अध्यक्षतामा २७ सदस्यीय वोर्ड गठन गरिएको छ । वोर्डको अध्यक्ष सम्वन्धीत मन्त्रालयको मन्त्री हुने र सदस्य सचिव पनि सहो मन्त्रालयको सहसचिव रहेन व्यवस्था यो वोर्ड वास्तवमा मन्त्रालयकै अभिन्न अंगको रूपमा स्थापित गरिएको छ ।

प्रस्तुत वोर्डको मुख्य कार्यमा वाणिज्य नीतिको कार्यालय समन्वय गर्ने परमार्जन गर्नका लागि सरकारमा सिफारि गर्ने र कार्यान्वयनमा परको बाधा व्यवधान हटाउन सरकारलाई सिफारिस गर्ने आयात निर्यात व्यापारमा देखिएको बाधा हटाउन निर्णय गर्ने तथा व्यापार सहजिकरणका लागि आवश्यक कार्य गर्ने रहेका छन् ।

यो वोर्डको वैठक कम्तिमा २ महिनामा एक पटक वस्नेछ भन्ने प्रावधान अनुसार वर्षमा ६ पटक वस्ने प्रावधान छ र यसैबाट यस वोर्डको महत्व र कार्य एव भूमिकाको वारमा स्पष्ट हुन्छ ।

उक्त वोर्ड एव मान्त्रालयकले मिति २०७२/०४/२५ मा राष्ट्रिय नीति २०७२ नेपाल सरकारबाट स्वीकृत भए पछि नीति कार्यान्वयनको कार्य योजना बनाइ स्वीकृत गरी कार्यान्वयन थालनी गर्नु पर्ने थियो । तर यस्तो कार्ययोजना र कार्यान्वयन मार्गदर्शन बनाउन सकेको छैन र मन्त्रलयको वहुपक्षीय व्यापार शाखाबाट योजना बनाइ कार्यक्रम कार्यान्वयनमा रहेको भन्ने भनाइ मएतापिन कार्य योजना प्राप्त हुन सकेन (बनाएकै छैन)

कुनै पनि नीति कार्यान्वयन गर्ने अर्को प्रमुख औजार (Instrument ) भनेको कानून हो । वाणिज्य क्षेत्रको प्रवद्धन, विकास र नयमन द्वारा नै नीतिले परिलक्षित गरेको लक्ष्य प्राप्त गर्न सकिन्छ । हाल सम्म वाणिज्य सम्वन्धी एकीकृत कानून वनेकै छैन । छरिएररहेका विभिन्न कानूनको मर्म र महत्व फरक फरक हुने हुँदा वाणिज्य नीतिको मर्म अनुरूप कानून वनेकै छै र नीति एउटा मार्ग निर्देश गर्ने दस्तावेज मात्र हो कानून भने अनिवार्य पालनाको अर्थ राख्दछ ।

प्रस्तुत वाणिज्य नीति कार्यान्वयमा के कस्ता कठिनाइ रहेका छन् भनि अनुसान्धान अध्ययन गर्नु पर्नेमा हाल सम्म यस विषयमा मन्त्रालयबाट कुनै अनुसन्धान भएकै छैन । यो नीतिसँग उद्योग नीतिको अति नै निकट सम्बन्ध राख्छ तर समन्वयको व्यवस्था भएको देखिदैन । जवसम्म आन्तरिक गुणस्तरिय उत्पादन उद्योग क्षेत्रबाट हुदैन वाणिज्य  मले के व्यापार गर्ने यो समस्या टड्कारो देखा परेको छ यस सम्बन्धमा अध्ययन गरिनु पर्नेमा मन्त्रालयबाट त्यसको कार्य नभई व्यापार क्षेत्र गुरुयोजना मस्यौदा मात्र भएको जानकारी भएको छ ।

वैदेशिक व्यापारको तथ्याङ्क हेर्ने हो भने आयातको परिणाम निर्यातको तुलनामा वढ्दै गएको छ र नयाँ नीतिले खासै प्रभाव (Impact) नपारेको प्रष्ट छ  । यो कुरालाई मन्त्रालयले स्वीकार गरेको छ तर किन नीति ले प्रभाव पारेन के बाधा व्यवधान छन् पहिचान गर्ने जिम्मेवार निकाय किन मौन वसेको छ सोचनीय देखिन्छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार वोर्ड अफ ट्रेडको वैठक नयाँ नीति आएपश्चात ५ वटा वसेको र नीति सम्वन्धी विषयमा छलफल भएको भनिएको छ । नीति आएको ५ वर्ष भन्दा बढी भै सक्यो वर्षमा ३० वटा वैठक वसी समस्या छलफल गर्नुपर्नेमा वोर्डमात्र गठन गर्नुको औचित्य देखिएन । वोर्डले नेपाल सरकारलाई आयात निर्यातमा देखापरेका समस्या समाधानका लागि खास सिफारिस गरेको पनि देखिएन।

नीतिमा उल्लेख भए अनुसार मन्त्रालयको पहलमा नेपाल सरकारले केही ऐन बनाइ लागू गरेको र केही ऐनहरू मस्यौदाको क्रममा रहेको देखिन्छ ।

मन्त्रालय तथा वोर्ड र सम्वद्ध निकायहरूबाट मूल्याङ्कन अनुगमनका  विभिन्न मापदण्ड Indicators तयार गरी मूल्याङ्कन गर्न पर्नेमा हाल सम्म त्यस तर्फ कुनै कार्य अगाडी बढाएको छैन ।

मन्त्रालयको भनाइ अनुसार आयात निर्यात व्यारर निम्नानुसार समस्या रहेको भननिएको छ ।

१.   सडक पूर्वाधानको अवस्था कमजोर  ।

२.   नाकाहरूमा ल्याव निर्माण गर्न नसकिनु ।

३.   मुलुकको उत्पादन र उत्पादकत्व कमजोर हुनु  ।

४.   भारत तर्फ निर्यात गर्दा प्रत्यक प्रान्तको फरक कानून हुँदा छुट्टा छुट्टै व्यवाहार र समस्या  ।

५.  निर्यातको तुलनामा आयात अत्याधिक मापदन वृद्धि ।

तर ती समस्या कमजोरी हटाउनै नसक्ने भन्ने होइन्न र यस तर्फ मन्त्रालयबाट कुनै कार्य अघि बढाएको छैन ।

वाणिज्य मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक कार्यक्रम तथा बजेट र नीतिले हासिल गर्न खोजेको लक्ष्य विचको तालमेल स्पष्ट छैन । गत ३ वर्षको वार्षिक कार्यक्रमको लेखाजोखा गर्दा नीतिको लक्ष्य प्राप्ती उन्मुख देखिदैन ।

## ८.२.३ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

वाणिज्य नीति, २०७२ को कार्यान्वयन महत्वपूर्ण दायित्व वोकेको अर्को संस्था हो व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र/वाणिज्य नीतिमा यो सस्थाको नाम "व्यापार प्रवर्द्धन प्रतिष्ठान" राखिएको छ । नीतिमा उल्लेखित नाम कार्यरत र निकायको नाममै द्विविधा उत्पन्न हुने स्थिति छ । वाणिज्य नीति अनुसार निर्यात योग्य वस्तु तथा सेवा र वजार विकासका लागि प्रभावकारी भूमिका खेल्न सक्ने मैजुदा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई आवश्यक संगठनिक संरचना र श्रोत साधान सहितको व्यापार प्रवर्द्धन प्रतिष्ठानको स्वयत्त संस्थाको रूपमा स्थापित गराउने । त्यसैगरी सेवा व्यापार प्रवर्द्धनको लागि प्रतिष्ठान अन्तर्गत छुटै "सेवा व्यापार" सम्वन्धी संयन्त्र स्थापन गरिनेछ भनिएको छ ।

यहाँ न स्वात्त सस्थाको रूपमा अघि वढाउन कुनै प्रयास भै संस्थागत रुपान्तरण गरिएको छ। नत सेवा व्यापार सम्वन्धी वेग्लै संयन्त्र स्थापित छ । नीति अनुसार यस प्रतिष्ठान (केन्द्र) को कार्यहरू प्रमुख रूपमा निम्नानुसार हुने उल्लेख गरिएको छ ।

क.  व्यापार सम्वन्धी अध्ययन अनुसन्धन, वस्तु विकास र निकासी प्रवर्द्धन सम्वन्धी कार्य

ख.  व्यापार सम्वन्धी संरचना संकलन प्रशोधन विश्लेषण र सम्प्रेक्षणको मुख्य संयन्त्रको रूपमा काम गर्ने ।

ग.  आधुनिक प्रविधियुक्त सूचना प्रणालीद्वार (जि.एस.पि) र (जि.एस.पिटी) सुविधाको नियमित अभिलेख राखि व्यावसायिलाई जानकारी गराउने ।

घ. नेपाल सरकारलाई व्यापार प्रवृत्ति, अवस्था कार्यदिशा र नेपालले चाल्नुपर्ने नीतिगत कदमवारे विश्लेषणात्मक राय सुझाव दिने अनुसन्धान संस्थाको रूपमा कार्य गर्ने गरी परिकल्पना गरिएको छ । यसका लागि क्षेत्रीय व्यापार सुदृढीकरण आयोजनाबाट प्राप्त श्रोत परिचालन गरिएको छ

| विवरण | आ.व.०७६/७७ | आ.व.०७७/७८ |
|---|---|---|
| १.नेपाल सरकारको वजेट | ९,९७,७५,०००/- | २,४२,६,००,०००/- |
| २. नेपाल भारत क्षेत्रीय व्यापार आयोजना | ४,५४,९५,०००/- | ७,७४,४५,०००/- |
| ३.व्यापार सूचना तथा निर्यात आयोजना | १,८५,६०,००० | २,१०,००,०००/- |

यो संस्थाको स्वयन्ता र कार्य प्रगित एव नीतिगत प्रावधानका आधारमा विश्लेषण गर्दा निम्न अवस्था देखिएका छन् ।

१. यो केन्द्रको वजेट तथा वार्षिक कार्यक्रमको स्वीकृत सरकारबाट (अर्थ मन्त्रालयबा६) हुने र नीति कार्यान्वयनको कार्यक्रम स्वीकृत हुन र वजेट अभावले गह्रो भएको अनुभव (केन्द्रका कार्यकारी निर्देकको भनाइ) रहेकव छ । त्यसै गरी केन्द्रको कार्यक्रमका लागि ३ वटा बजेट व्यवस्थगा भएकोमा ती कार्यक्रम नीतिको लक्ष्य पुरा गर्ने जस्तै व्यापार पूर्वाधार निर्माण, निर्यात गृह, अन्तर्राष्ट्रिय व्यापार प्रदर्शन स्थल उत्पादन विकास कार्यक्रम केन्द्रीत हुन सकेका छैनन् । केही तालिम कार्यक्रम र प्रदर्शनीमा भाग लिने (अन्तरराष्ट्रिय एक्स्पो) कार्य भएको छ । नीतिले यस केन्द्रलाई अध्ययन अनुसन्धानको केन्द्र र अन्तरराष्ट्रिय व्यापारको सुचना संकलन र विश्लेषण गर्ने क्षमताको केन्द्रको रूपमा परिकल्पना गरेकोमा केही सुचना संकलनको कार्य वाहेक अध्ययन अनुसन्धान हुन सकेका छैनन् (रा.नि संगको छलफलबाट पुष्टि)

२. केन्द्रको नाम नीति अनुसार परिवर्तन समेत गर्न सकिएको छैन र स्वत्तता दिने सम्बन्धमा भारतको ITOP जस्तो स्वतन्त्र निकास (बजेट तथा कार्यक्रम आफैले स्वीकृत गर्ने) बनाउने सोच रहे पनि कार्य रूपमा हुन सकेको छैन ।

३. नेपाल ट्रेड पोर्टल सहितको आधुनिक प्रविधियुक्त सुचन संकलन र सम्प्रेषण व्यवस्थगा कार्यान्वयनको क्रममा छ र प्रभावकारिता सम्बन्धमा परिक्षण हुन सकेको छैन ।

४. व्यापारका लागि वस्तु विकास तथा लगानी कम गर्ने सामुहित सेवा (common Service platform) कमजोर उत्पादकलाई आर्थिक सहयोग, बजार व्यवस्थापन र उत्पादनलाई प्रमाणित गर्ने कार्य हाल सम्म प्रभावकारी हुन नसेकको केन्द्र भनाइ रहेको छ ।

समग्रमा केन्द्रले परम्परागत रूपमा सम्पादन गर्दै भएकव कार्य मात्र गर्दै आएको र नीतिलाई मूल आधार मानी कार्यान्वयन कार्ययोजना बनाइ कार्य गरेको देखिएन्

## ८.२.४ राष्ट्रिय योजना आयोग

तीव्र आर्थिक प्रगतति र सन्तुलित तथा दीगो विकासका लागि नेपालको संविधान बमोजिम दुरगामी सोच सहितको विकास आयोजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजिकरण तथा अनुगमन मूल्याङ्कन गरी सरकारलाई राय दिने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगको गठन भएको छ । आयोगको मुख्य कार्यमा दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने तहगत समन्वय गर्ने (संघ प्रदेश र स्थानीय निकाय) अध्ययन अनुसन्धान तथा अन्वेषण गर्ने रहेका छन् ।

राष्ट्रिय योजना आयोगले राष्ट्रले अगाल्नु पर्ने आर्थिक क्रियाकलाप लगाएत समग्र क्षेत्रको विकासको खाँकाको रूपमा आवधिक योजना तयार गर्दछ । उक्त योजना तर्जुमा गर्दा क्षेत्रगत नीतिहरू सँग सम्बन्ध हुने गरी व्यवस्थापन गर्नु पर्ने र सोही आधारमा वार्षिक कार्यक्रम तथा बजेट बनाइ कार्यान्वयन हुनु पर्ने हुन्छ। उक्त कार्यक्रमको अनुगमन र मूल्याङ्कन गरी, नीतिगत रूपमा अंगालिएका उद्देश्य प्रति कस्तो भै रहेको छ भन्ने अनुगमन र मूल्याङ्कन गर्ने जिम्मा समेत राष्ट्रिय योजना आयोगको हो। वाणिज्य नीति, २०७२ र पन्ध्रौ पञ्चपर्षिय योजना र वार्षिक कार्यक्रम विचको तालमेल सम्बन्धमा पनि हेर्नु पर्ने दायित्व राष्ट्रिय योजना आयोको भएको हुँदा प्रस्तुत अध्ययन "वाणिज्य नीति, २०७२ कार्यान्वयन प्रभावकारिता अध्ययन" आयोग मार्फत नै हुँदै गरेको छ। यस प्रतिवेदनका आधारमा देखिएका र सुधार गर्नु पर्ने कुरालाई सम्बन्धित कार्यान्वयन निकाय समक्ष जानकारी गराउने नै छ ।

वाणिज्य नीति, २०७२ को दुरदृष्टि (Vision) परिदृष्य (Mission) तथा उद्देश्य र प्राथमिकता तथा पन्ध्रौ योजना वीच तात्वीक अन्तर नदेखिएता पनि प्राथमिकतामा भने अन्तर देखिएको छ। नीति

कार्यान्यवयन कार्ययोजना योजना आयोगसँग समन्वय गरी बनाउनु पर्ने र सोही आधारमा वार्षिक कार्यक्रम तथा बजेट तयार हुनु पर्ने व्यवस्था भने हुन सकेको देखाएन ।

### ८.२.५ वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग

वाणिज्य नीति, २०७२ को कार्यान्वयन गर्ने अर्को निकाय वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतको वणिज्य तथा उपभोक्ता मन्त्रालय अन्तर्गतको वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग पनि हो । यस विभागबाट वितवरण र आपूर्ति नियमन, वस्तुको गुणस्तर कायम गराउन पहल गर्ने लगायत, वाणिज्य व्यापार सहजिकरणमा सहयोग गर्ने निकाय रहेको छ । तर नि वाणिज्य नीति कार्यान्वयमा गहन भूमिका भने पाइदैन ।

### ८.२.६ अन्य निकायहरू (भन्सार, कृषि, गोदाम पारवहन इन मोडल आदि)

यी निकायहरू पनि वाणिज्य नीति कार्यान्यन गराउन प्रत्यक्ष परोक्ष रूपमा सहयोग गर्ने निकाय हुन यिनि बीच समन्वयन गराउन वाणिज्य नीति कार्यान्वयन गराउनु पर्ने (वोर्ड अफ ट्रेड) मार्फत समन्वय र कार्यान्वयन हुने गरेको छ।

## ८.३ प्रक्रियागत समीक्षा

आयात निर्यातमा संलग्न हुने भनेकै नीजि क्षेत्र हो । सरकाले सहजीकरणको वातावरण बनाइदिने र आवश्यकता अनुसार नियमान गर्ने हो । अन्तरराष्ट्रिय व्यापार सहज रूपमा हुन किन सकिरहेको छैन समस्या पहिचान गरी त्स्मा प्रक्रियागत रूपमा सहजिकरण गर्नु पर्ने भए सो गर्नु पर्ने हुन्छ ।

निर्यात व्यापारलाई प्रोत्साहन गर्नका लागि, बजार पूँजी दक्ष जनशक्ति, विद्युत तथा व्यापारको उपलब्धी स-साना उयोगीहरूसँग पुर्याउन र तिनिहरूलाई उत्प्रेरित र प्रोत्साहित गर्नु पर्ने हुन्छ ।

निर्यात गर्ने व्यापारीहरूले ससाना उद्योगबाट वस्तु संकलगन गरी निर्यात गर्छन र बढी फाइदा आफु लिन्छन् यस्तो अवस्थामा एकीकृत निर्यात गृह व्यवस्था, व्यापार मेला मार्फत विदेशी आयातकर्ता सँग देशो उत्पादकहरू सँग सम्पर्क लगायतका भौतिक पूर्वाधार निर्माण अपेक्षित प्रगति हुन नसकेको स्पष्ट छ ।

अन्तरराष्ट्रिय व्यापारमा व्यापारबार्ता (Trade negation) अति महत्वर्ण कुराले र यस मामलामा नेपाल कमजोर रहेको स्पष्ट देखिन्छ। नेपालका सरकारी निकायहरूमा संस्थागत स्मरण Institutional Memory ज्यादै कमजोर रहने र दस्तावेज व्यवस्थापन र सूचना प्रवाह नाजुक रहेको अवस्था देखिन्छ ।

खासमा भारतसँगको निर्यात व्यापारमा देखापर्ने गैर भन्सार अवरोध स्यानिटेशन तथा फाइको स्यानेटेशन समस्या सामाधान अति आवश्यक छ। नेपालको निर्यात योग्य वस्तुहरूको निर्वाध निकासीका लागि अनावश्यक प्रयोगशाला तथा भन्सार जाँच चौकिको समान कार्य व्यवहार तर्फ नेपाल सरकारको तर्फबाट पहल गर्ने कार्यम चुस्तता आवश्यक देखिन्छ। कुनै खास मुलुकबाट आयात र निर्यातमा सीमित हुँदा आयातमा बढि निर्भरता र त्यस मुलुकको व्यापारीक दवदवा रहने तथा निर्यातमा पनि सीमित मुलुकमा मात्र हुँदा,

विभिन्न ठाउमा सुख्खा वन्दरगाहा निर्माणको सुरुवावात भएका छन् तर सेवा प्रवाह प्रणाली र सुविधाको सुनिश्चितता प्रत्याभूतको आवश्यकता छ। नेपालका भन्सार, गोदाम तथा कर्मचारिको व्यापार मैत्री व्यवहारमा पनि सुधारकै अपेक्षा नीतिले गरेको छ ।

वाजारमा प्रक्रियागत सुधार अन्तर्गत पर्ने कुराहरू निम्ननुसार महत्वपूर्ण रहेका छन्

१. व्यापार दर्ता, करणप्रणाली, व्यापार प्रवाहमा सरलता जस्ता करमा सरल प्रक्रिया

२. भन्सार विन्दु, आयात निर्यात व्यवहार तथा प्रक्रिया सहज र सरलीकरण

३. सुख्खा वन्दरगाह, वन्दरगाह, रेल्वे स्टेशन ढुवानी व्यवस्थापनमा सहजता

४. गोदाम, वायर हाउस व्यवस्थापन सरल

५. सूचना प्रविधिको व्यापारमा उपयोग

६. प्रक्रिया पारदर्शि र सरल

७. उतपत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थाको प्रक्रिया परादर्शि

८. निर्यातमा कर छुट प्रक्रिया

९. गैर भन्सार जन्य उपायको व्यवस्थापन

१०. गुणस्तर प्रमाणित गर्ने वहुउदेश्यीय प्रयोगशाला ऐन

११. वस्तुत प्रशोधनको सामान्य केन्द्र (Common Facility Center) को स्थापना

यि सेवा व्यवस्थापनबाट व्यापार सहजीकरण हुने हो र प्रक्रियात्मक सुधार हुने हो तर अपेक्षित प्रक्रियामा सुधार भएको व्यवसायिहरूले अनुभूति गरेका छैनन्

## ८.४ कानूनी समीक्षा

वाणिज्य क्षेत्रको समृद्धि र विकासका लागि प्रष्ट प्रत्याभूत दिन कानूनी संरक्षण व्यवस्थापन र नियमन व्यवस्थाको आवश्यकता पर्दछ । वाणिज्य नीति, २०७२ ले पनि यस क्षेत्रमा वाणिज्यको एकीकृत कानून निर्माणका साथै क्षेत्रगत कानूनको निर्माण गरिने कुरा उल्लेख गरेको छ ।नीतिमा उल्लेख भए अनुसार निम्नानुसार कानून निर्माणको अपेक्षा गरिएको छ ।

क. एकीकृत वाणिज्य ऐन
ख. निकासी पैठारी ऐन, २०१३ को समय सापेक्ष संशोधन
ग. उपभोक्ता संरक्षण ऐन
घ. सेफगार्ड, एन्टीडम्पिङ्ग तथा काउन्टर भेलिङ्ग ऐन
ङ. वौद्धिक सम्पत्ति संरक्षण ऐन
च. सार्वजनिक नीजि साझेदारी ऐन
छ. प्रतिप्पर्धात्मक तथा बजार संरक्षण ऐन

त्यस्तै व्यापार सहजिकरण प्रक्रिया परादर्शि बनाउन र भरपर्दो लगानी वातावरण बनाउन केही नियमावली निर्देशिका वा कार्यविधि बनाउनुपर्ने अवस्था पहिचान गरिएको छ। माथि उल्लेखित कानून मध्ये एकीकृत वाणिज्य कानून, बौद्धिक सम्पत्ति संरक्षण ऐन निकासी पैठारी ऐनको समयसापिक्षय सुधारको कार्य हुन सकेको छैन । अन्य कानून पनि कार्यान्वयनमा आएको छ ।

नियमावली तथा कार्यविधि पनि केही बनेर कार्यान्वयनमा आएको र केही मस्यौदाको क्रममा रहेको मन्त्रालयको भनाइ रहेको छ।

प्रस्तुत वाणिज्य नीति २०७२ को कार्यान्वयन प्रभावकारिता कानूनी व्यवस्थाको कार्यान्वयन हिसावबाट समीक्षा गर्दा उपलब्धि र सन्तोषजकन अवस्था देखिदैन ।

# ९. वाणिज्य नीतिको अनुगमन मूल्याङ्कन व्यवस्था र कार्यान्वयन

कुनै पनि नीतिको कार्यान्वयन सही रूपमा भै रहेको छ वा छैन भनी निगरानी अनुगमन अति आवश्यक प्रक्रिया हो । यस नीतिको पनि कार्यान्वयनको अनुगमन गर्नु पर्ने व्यवस्था नीतिको दफा १४ मा गरिएको छ । सो दफामा उल्लेख भए अनुसार "वाणिज्य नीति २०७२ कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हुनेछ । यसका साथै मन्त्रालय अन्तर्गतका वाणिज्य तथा आपूर्ति व्यवस्था विभाग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र लगायतका निकायहरूले आ-आफ्नो क्षेत्रधिकार भित्र रही नियमित अनुगमनको कार्य गर्ने छन् । समग्र नीतिको अनुगमन मूल्याङ्कनको जिमेमवारी वाणिज्य तथा आपूति मन्त्रालयको हुनेछ र सोही समीक्षाको आधारमा नीतिमा समयोजन गर्दै लाग्ने प्रावधान छ ।

कुनै पनि नीति मूल्याङ्कन अनुगमन गर्नका लागि योजनावद्ध दस्तावेज तयार गर्न पर्छ त्यसको लागि नीति कार्यान्वयनको कार्य योजना हुनु पर्छ तथा अनुगमनका लागि निश्चित मापदण्ड (Indicators) तयार गरी समयवद्ध रूपमा अनुगमन गरिनु पर्छ ।

मन्त्रालयमा नियमित वार्षिक कार्यक्रमको प्रगति समीक्षा हुने परम्परागत प्रावधान अनुसार समीक्षा हुने तर नीति कार्यान्वयको समग्र दृष्टिकोण राखि अनुगमन गर्ने गरेको देखिएन । आ.व. २०७४/७५, २०७५/७६, २०७६/७७ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन अध्ययन गर्दा वाणिज्य क्षेत्रलाई भएता पनि त्यति प्राथिमकता दिइएको नै छैन र वाणिज्य नीतिका सम्बन्धमा कुनै कुरा उल्लेख सम्म भएकै छैन । वाणिज्य नीति, वार्षिक कार्यक्रम तथा बजेट तथा पञ्चवर्षीय योजना बीच तालमेल हुन नसक्नुबाट पनि नीतिको सफल कार्यान्वयन आसा गर्न सकिने स्थिति छैन । कुनै खास मुलुकबाट आयात र निर्यातमा सीमित हुँदा आयातमा बढि निर्भरता र त्यस मुलुकको व्यापारीक दवदवा रहने तथा निर्यातमा पनि सीमित मुलुकमा मात्र हुँदा,

विभिन्न ठाउमा सुख्खा वन्दरगाहा निर्माणको सुरुवावात भएका छन् तर सेवा प्रवाह प्रणाली र सुविधाको सुनिश्चितता प्रत्याभूतको आवश्यकता छ। नेपालका भन्सार, गोदाम तथा कर्मचारिको व्यापार मैत्री व्यवहारमा पनि सुधारकै अपेक्षा नीतिले गरेको छ ।

वाजारमा प्रक्रियागत सुधार अन्तर्गत पर्ने कुराहरू निम्ननुसार महत्वपूर्ण रहेका छन्

१. व्यापार दर्ता, करणप्रणाली, व्यापार प्रवाहमा सरलता जस्ता करमा सरल प्रक्रिया

२. भन्सार विन्दु, आयात निर्यात व्यवहार तथा प्रक्रिया सहज र सरलीकरण

३. सुख्खा वन्दरगाह, वन्दरगाह, रेल्वे स्टेशन ढुवानी व्यवस्थापनमा सहजता

४. गोदाम, वायर हाउस व्यवस्थापन सरल

५. सूचना प्रविधिको व्यापारमा उपयोग

६. प्रक्रिया पारदर्शि र सरल

७. उतपत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थाको प्रक्रिया परादर्शि

८. निर्यातमा कर छुट प्रक्रिया

९. गैर भन्सार जन्य उपायको व्यवस्थापन

१०. गुणस्तर प्रमाणित गर्ने वहुउदेश्यीय प्रयोगशाला ऐन

११. वस्तुत प्रशोधनको सामान्य केन्द्र (Common Facility Center) को स्थापना

यी सेवा व्यवस्थापनबाट व्यापार सहजीकरण हुने हो र प्रक्रियात्मक सुधार हुने हो तर अपेक्षित प्रक्रियामा सुधार भएको व्यवसायिहरूले अनुभूति गरेका छैनन् कुनै खास मुलुकबाट आयात र निर्यातमा सीमित हुँदा आयातमा बढि निर्भरता र त्यस मुलुकको व्यापारीक दवदवा रहने तथा निर्यातमा पनि सीमित मुलुकमा मात्र हुँदा,

विभिन्न ठाउमा सुख्खा वन्दरगाहा निर्माणको सुरुवावात भएका छन् तर सेवा प्रवाह प्रणाली र सुविधाको सुनिश्चितता प्रत्याभूतको आवश्यकता छ।

यि सेवा व्यवस्थापनबाट व्यापार सहजीकरण हुने हो र प्रक्रियात्मक सुधार हुने हो तर अपेक्षित प्रक्रियामा सुधार भएको व्यवसायिहरूले अनुभूति गरेका छैनन्

## १०. नीतिका सहयोगी र परिपुरक अन्य व्यवस्था

वृहत्तर आर्थिक क्षेत्रको एउटा सानो अंग मात्र वाणिज्य क्षेत्रको तापनि वाणिज्य क्षेत्र आफै व्यापक र वहुक्षेत्रबाट प्रभावीत प्रणाली हो। वाणिज्य क्षेत्रले अङ्गीकार गरेको उद्देश्य प्राप्तीका लागि वाणिज्य नीतिका साथै अनय नीति वा रणनीतिको पनि त्यतिकै सहयोग र समन्वय वाणिज्य नीति सँग महत्वपूर्ण परिपुरकको रूपमा हुनु पर्ने र भएका नीतिहरू मध्य निम्न वा नीति महत्वपूर्ण देखिन्छ।

क) औद्योगिक नीति, २०६७
ख) पन्धौ पञ्चवर्षीय योजना
ग) व्यापार घाटा न्यूनीकरण सम्वन्धी राष्ट्रिय कार्य योजना, २०७५
घ) नेपाल व्यापार एकीकृत रणनीति, २०७३
ङ) राष्ट्रिय वौद्धिक सम्पत्ति सम्वन्धी नीति, २०७३
च) वैदेशिक लगानी नीति,
छ) अन्य (आपूर्ति नीति, २०६९)

क) **औद्योगिक नीति, २०६७** वाणिज्य नीतिको त्यतिवेला हुन्छ जव आन्तरिक उत्पादन प्रतिस्पर्धात्मक रूपम हुन सक्षम भै गुणस्तरीय र उत्पादकत्वमा वृद्धि हुन्छ। खासमा कृषि उत्पादन भन्दा पनि औद्योगिक उत्पादनले देश भित्रको आन्तरिक खापत पूर्ति गर्ने (आयत प्रतिस्थापन गर्ने) र उत्पादीत सामान विश्व वजारमा निर्यात गर्न सक्ने अवस्था भएमा र त्यस्तो वातावरण औद्योगिक नीतिले सृजना गर्न सकेमात्र वाणिज्य क्षेत्र खासमा वैदेशिक व्यापारलाई उद्योग नीतिले सहयोग गर्छ। हाल नेपामा कार्यान्वयनमा रहेको औद्योगिक नीति, २०६७ ले त्यस्तो अवस्था सृजना गर्ने पर्ने हुन्छ। औद्योगिक नीति, २०६७ को उद्देश्य १ मा "गुणस्तरिय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एव उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा वढोत्तरी सहित औद्योगिक वस्तुको निर्यात वढाउने भन्ने र औद्योगिक वैद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने भन्ने रहेको छ। यसरी वाणिज्य क्षेत्रको निकायलाई उद्योग क्षेत्रबाट महत्वपूर्ण टेवा पुग्ने गरी उद्देश्यमा उल्लेख भएतापनि औद्योगिक कार्यनीतिमा भन्ने निकासी वृद्धिको कुनै कार्यनीति देखिदैन। निर्यात प्रोत्साहनका लागि निर्यातमूलक

उद्योगलाई राजश्वमा छुट दिने भन्ने प्रावधान भएतापनि त्यसको कार्यान्वयन र परिणाम उत्साहजनक भन्ने छैन । निकासी प्रवर्द्धन गर्ने उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रूपमा राखिएको छ । उद्योग (उत्पादन ) र वाणिज्य क्षेत्र एक अर्कामा अन्योन्याश्रित क्षेत्र हुन, यिनीहरू बीच तालमेल सामन्व वाटै राष्ट्रिय संवृद्धिमा सहयोग पुग्दछ । उत्पादको क्षेत्रमा कृषि तर औद्योगिक उत्पादन, गुणस्तरिय र प्रतिषप्रधि भएमात्र निकासी हुन संभव हुन्छ । औद्योगिक उत्पादन आफै अपेक्षीत मात्रमा हुन नसक्दा वा कारण अन्तरराष्ट्रिय व्यापारमा पनि उपुक्त प्रगति हुन नसकेको प्रष्ट छ । अन्तराप्ट्रिय वजारमा माग हुने वस्तु, गुणसत्तरको उत्पादन हुन नसक्दा बजार विस्तार हुन नसक्नु र बजारमा विश्वसनियता कायम गर्न नसक्नु पनि समस्याकै रूपमा देखा परेको छ । कृषि उपजमा खरिदकर्ताको एकाधिकारका कारण उचित मूल्य प्राप्तिमा पनि समस्या देखा परेको छ । अतः वाणिज्यको विकास संवृद्धिमा उद्योग क्षेत्रको योगदान सोचे अनुसार हुन सकेको छैन ।

ख) **पन्ध्रौं पञ्चवर्षीय योजनाः-** राष्ट्रिय नीति र आवधिक योजना बीच स्पष्ट तालमेल प्राथमिकता र कार्यक्रम बीच समन्वय भएमा राष्ट्रले नि क्षेत्रमा हासिल गर्न खोजेको उद्देश्य प्राप्त गर्न सक्छ । वाणिज्य नीति, २०७२ र पन्धौ पञ्चवर्षीय योजना बीच सामानजस्यता स्थापना त भएको छ तर प्राथिमकता र महत्वमा केही अन्तर भने देखिएको छ । वाणिज्य नीतिले आन्तरिक व्यापार व्यवस्थापन (आयात) लाई त्यति महत्वय दिएको पाइदैन । तर पन्धौ पञ्चवर्षीय योजनाले, आयात व्यवस्थापन, आयात प्रतस्थापनका अलावा, वाणिज्य विविधिकरण, उत्पनदकत्वमा वृद्धि नेपाली वस्तुलाई अन्तरराष्ट्रिय मूल्य सृङ्खलामा आवद्धता, व्यापारमा नविन प्रविधिको प्रयोग, तथा आर्थिक कुटनीतिको प्रभावकारी कार्यान्वयमा जोड दिएको छ । आवधिक योजना निर्माण दायित्व राष्ट्रिय योजना आयोगको हो र योजनाको कार्यान्वयको सुनिश्चितता वार्षिक कार्यक्रमबाट हुन्छ त्यसको निर्माण सम्बन्धित निकाय वा मन्त्रालयबाट हुन्छ । आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेट विचको तालमेल हुन नसकिरहेको सवैले महसुस गरेको हो र यस विषयमा राष्ट्रिय योजना आयोग पनि मुकदर्शक नै भएको महसुस हुन्छ । वाणिज्य नीति र वाणिज्य तथा आपूर्ति मन्त्रालयको गत ३ वर्षको वार्षिक कार्यक्रम तथा बजेट एव आवधिक योजनालाई तुलनात्क रूपमा अध्यया गर्दा तालमेल र एकले अर्कालाई सहयोग गरेकै छ भनी हाल्न सकिएको छैन ।

ग) **व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय योजना, २०७५-** वाणिज्य क्षेत्रको मूल समस्याको रूपमा रहेको अत्याधिक आयात र न्यून निर्यात भै व्यापारमा देखिएको असन्तुलको मात्रा ठुलो हुनु नै हो । त्यसै कुरालाई उचित सम्वोधन गर्न वाणिज्य नीति, २०७२ लागि परेको र सो को सहयोगका लागि नेपाल सरकाले व्यापार घाटा न्यूनिकरण सम्वन्धी राष्ट्रिय कार्यायोजना, २०७५ त ल्याएको छ तर त्यसको कार्यान्वयन प्रभावकारिताका लागि विभिन्न निकायबीच समन्वय गर्ने कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रहेको छ । वाणिज्य नीति कार्यान्वयनको जिम्मवारी वाणिज्य तथा आपूर्ति मन्त्रालको छ र यी दुइ विचको तालिमेलबाट मात्र व्यापार घाटा न्युनिकरण हुन सक्ने हुन्छ ।

घ) **नेपाल व्यापार एकीकृत रणनीति, २०७३** (NITS)- वाणिज्य नीति २०७२ र NITSले वाणिज्य क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रमा सहयोग बढाउन मद्दत गर्छ भन्ने अपेक्षा गरिएको छ । खासमा वाणिज्य नीति कार्यान्वयमा सहयोग गर्ने यो रणनीति ल्याइएको हो । यस रणनीति, बढ्दो व्यापार घाटा कम गर्न व्यापारको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न ल्याइएको हो । यो रणनीतिले व्यापार क्षेत्रमा देखिएका विविधि समस्याहरू सम्वोधन गर्ने अपेषा सहित ल्याइएको छ । ती अपेक्षा निम्नानुसाका रहेका छन्-

१. संस्थागत क्षमता विकास, वाणिज्य सम्झौताको क्षमता विकास

२. लगानी र व्यापारको व्यावसायिक वातावरण सृजना गर्ने

३. व्यापारका लागि आयात सुविधा

४. स्तरीय प्राविधिक नियमन

५. स्यानेटरी र फाइटो स्नेटरी उपाय विकास

६. वौद्धिक सम्पत्ति अधिकार स्थापना

७. सेवा व्यापारका सम्बन्धमा मुद्धाहरू

माथि उल्लेखि अन्तर निर्भर Cross cutting विषयको सम्वोधन गर्का साथै निर्यात योग्य वस्तुको मूल्य अभिवृद्धि Value chain का विषयमा सहयोग गर्ने यस रणनीतिको लक्ष्य रहेकव छ ।

यस रणनीतिको ४ वटा उद्देश्य (Objectives) रहेका छन् । ती निम्नानुसार छन्

क. उपयुक्त वाणिज्य वातावरण सृजना गरी निर्यात व्यापारमा वृद्धि गर्ने

ख. निकासीयोग्य वस्तु निकास गर्ने

ग. व्यापार वार्ता (Trade negotiation) र अन्तरनिकाय सम्व्नय क्षमता वृद्धि गर्ने

घ. आयात जन्य पूर्वाधार विकास गर्ने

यस रणनीतिले निकासी संभाव्य वस्तु २६ र सेवा तर्फ ७ वटा पहिचान गरी ती वस्तु विकास गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने रहेको छ ।

यो रणनीतिले निर्यात प्रवर्द्धन समावेशी र दिगो विकासको आधारमा निर्यात संभावित वस्तुहरू र सेवाहरूको पहिचान गरेको छ । यद्यपि सोचे जस्तो परिमाण देखिएन्न । अझ केही प्राथिमकतामा राखिएका वस्तुको निर्यात यो रणनीति लागू भए पश्चात घटदै गएको छ । विशेष गरी यि समस्त प्रमाणहरूले यो रणनीतिमा प्रश्नचिन्ह खडा गरिदिएक छ । विशेषगरी यो रणनीति योजना र तुलनात्मक लाभ विचको सामान्जस्तताको मुल्याकन गर्नु पर्ने देखिन्छ । (डा. सन्तोष अधिकारी Addressing Trade deficit in Nepal 2021) यो रणनीति योजना (२०१६-२०२०) सम्मको लागि तयार गरिएको र यो अवधि हाल सम्पन्न भै सको छ । तर  को मूल्याङ्कन गरी वन्द गर्ने वा अर्को चरणको रणनीति वनाउने भन्ने सम्बन्धमा मन्त्रालय मौन देखिन्छ ।

ङ. **राष्ट्रिय वैद्धिक सम्पत्ति सम्बन्धी नीति, २०७३-**_नेपालमा ज्ञान शिष र दक्षताको प्रवर्द्धन गर्दै उद्योग व्यवसाय मैत्रि वातावरण सृजना, विदेशी लगानी अभिवृद्धि रोजगारीको अवसरको सृजना र प्रविधि हस्तान्तरणको माध्यमबाट आर्थिक सामाजिक रूपमान्तरण गर्ने वौद्धिक नीतिगत संस्थागत  व्यवस्था गर्न वौद्धिक सम्पत्ति सम्वन्धी नीति, २०७३ ल्याइएको हो । यस नीतिले खासमा अन्तरराष्ट्रिय व्यापारमा विश्वसनीयता अभिवृद्धि वा निमित्त, स्वादेशमा, आफ्नो अमूर्त वौद्धिक सम्पत्तिको दर्ता, संरषण र कानुनी उपचारको प्रावधाका अतिरिक्त विदेशी वौद्धिक सम्पत्तिको संरक्षण (अन्तरराष्ट्रिय प्रतिवद्धिता अनुरूप) को व्यवस्थाका लागि प्रावधान राखिएको छ । यस नीतिका कारण वैदेशिक व्यापारमा वृद्धि हुने आसा गरिएकोमा छ । नीति अनुसार वौद्धिक सम्पत्ति सम्वन्धी ऐन भने अहिले सम्म वन्न सकेको छेन । कानूनको अभावमा नीतिले

मात्र खासै प्रभाव पर्ने देखिदैन । जति सक्दो चाँडो वौद्धिक सम्पत्ति सम्वन्धी कानून ल्याउन जरुरी छ ।

च. **वैदेशिक लगानी नीति, २०७१-** उत्पादन र उत्पादकत्व वृद्धि गर्ने दीगो र भरपर्दो औद्योगिक वातावरण सृजना गर्न प्रयाप्त पूँजिको आवश्यक पर्छ । न्यून ग्राहस्थ वचतका कारण पूजि निर्माणमा देखिएको अप्रयाप्तता पूर्ति गरी, पूर्वधार क्षेत्रको विकास र विस्तार गर्ने, आधुनिक प्रविधि तथा व्यवस्थापकीय एव प्राविधिक सीप भित्र्याउन औद्योगिक विकासमा माध्यबाट अन्तरराष्ट्रिय बजारमा पहुँच वढाउदै व्यापार घाटा न्यून गर्ने उच्च आर्थिक वृद्धि हासिल गर्न वैदिशक लगानी नीति, २०७१ ल्याइएको हो । यस नीति पश्चात राष्ट्रिय प्राथमिकताको क्षेत्रहरूमा विदेशी पूजि प्रविधि सिप र ज्ञान आकर्शित गर्दै आयात प्रतिथापन र निर्यात प्रवर्द्धनको माध्यमबाट व्यापार सन्तुलन हुने विश्वास लिइएको छ । विदेशी लगानी नीति पश्चात, वैदिशक लगानी प्रतिवद्धतामा वृद्धि भएको तथ्याङ्कबाट देखिन्छ । वर्ष २०१७ मा नेपालमा विकास लगानी १९८ मिलियन यु.इस.डलर रहेकोमा वर्ष २०१८ मा ६७ मि यु.एस.डलरमा झरेको थियो । पुनः वर्ष २०१९ मा वढेर १८५ मि.युस.डलरमा पुगेको छ । (स्रोत वाणिज्य तथा आपूर्ति मन्त्रालय) जम्मा लगानी मात्र बढ्दो क्रममा छ । उद्योग वातावरणमा केही अनुकुलता हुँदै गर्दा वैदिशक लगानीमा वृद्धि भै उत्पादन उत्पादकत्वमा वृद्धि भएर आयात प्रतिस्थापन र निकासी वृद्धि हुने विश्वा गरिन्छ ।

छ. **अन्य सहयोगी नीतिहरू-** अन्य सहयोगी नीतिहरूमा, आपूर्ति नीति, दीर्घकालीन कृषि रणनीति, भन्सार व्यवस्था र अन्य ऐन नियम हरेका छन् । तितीहरूको उद्देशय पनि राष्ट्रिय उत्पादन र उत्पादकत्वमा वृद्धि भै निकासी प्रवर्द्धन सहयोग पुग्ने लक्ष्य लिइएको छ ।

## ११.वाणिज्य नीति, २०७२ पश्चात नेपालको वैदेशिक व्यापारको स्थिति

वाणिज्य नीति २०७२ ल्याउनुको मूल लक्ष्य भनेकै निकासीमा वृद्धि गरी आर्थिक संवृद्धि ल्याउने र आयातलाई व्यवस्थापन गरी व्यापार सन्तुलन कायम गर्ने थियो । निकासीमा वृद्धि गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि हुनका साथै रोजगारी सृजना भै राष्ट्रिय अर्थतन्त्रलाई सवल वाउनु थियो। वाणिज्य नीतिले वैदिशक व्यापारमा आयात र निर्यात विचको ठुलो फरक स्वरूपलाई कम गर्दै लग्ने उद्देश्य राखेको हो । नीतिको परिपुरक रूपमा ल्याइएको नेपाल व्यापार एकीकृत रणनीतिले निर्यात संभाव्य (योग्य) वसत्तु र सेवाको पिहचान पनि गरेको छ। तर आयात व्यवस्थापन र आयात

प्रतिस्थापनको लागि कुनै रणनीति वनेको भन्ने पाइएन । व्यापार घाटा न्यनूनिकरण सम्वन्धी राष्ट्रिय कार्ययोजना २०७५ लयाएको पनि त्यसलाई प्रतिविम्वित गर्ने कार्यक्रम कार्यान्वयमा आइसकेको छैन । यी तमाम प्रयासका वावजुद पनि नेपाको वेदेशिक व्यापारको अवस्था अनुकुल हुनु सेको देखिएन्

नेपालको वैदेशिक व्यापारको स्थिति (नयाँ वाणिज्य नीति पश्चात)

(Rs in 100000)

| वर्ष ढसन्मा) | कुल आयात | कुल निर्यात | व्यापार सन्तुलन | आयात/निर्यात अनुपात |
|---|---|---|---|---|
| २०१४ | ७७२२१२ | ९०३८२ | -(681830) | ८.५४% |
| २०१५ | ६८८४७० | ७५५२३ | -(612947) | ८.९८% |
| २०१६ | ९५६८६८ | ७४८३२ | -(882036) | १२.७८% |
| २०१७ | १०६७९८२ | ७६७८४ | -(991198) | १३.९% |
| २०१८ | १४०७१५६ | ८५४८९ | -(1321667) | १६.४६% |
| २०१९ | १३८७८२३ | १०८०५७ | -(1279766) | १२.८४% |
| २०२० | ११५४४४५ | १०१३३३ | -(1053112) | ११.९९% |

(श्रोत वाणिज्य तथा आपूर्ति मन्त्रालय)

प्रस्तुत तालिकालाई हेर्दा आयात निर्यातको परिमाणमा आएको वृद्धि दरले व्यापार घाटालाई १० प्रतिशत भन्दा कम अनुपातमा राख्ने राष्ट्रिय अनुमानलाई प्राप्त गर्न सकिरहेको छैन । वर्ष २०१८ मा व्यापार घाटाको अनुपात १६.४६ भएको देखिन्छ । यस पछिका वर्षमा केही कम अनुपात देखिएता पनि निर्यातमा वृद्धि भएर अनुपातमा कमि आएको नभई आयातमा कमिका कारण हेकी अनुपातमा कमि देखिएको हो । वर्ष २०२० मा महामारीको रूपमा देखपापरेको कोभिड-१९ का कारण राष्ट्रिय अन्तरराष्ट्रिय व्यापारमा कमि आएको हो । खासमा नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेको २६ वटा वस्तु तथा ७ वटा सेवाको निर्यात उत्साहजन भएर व्यापार घाटा कम भएको भने होइनन् । वान्छीत मात्रमा व्यापार घाटा कम नहुदा विदेशी मुद्राको मगको मात्रा बढ्दो छ । विदेशी मुद्राको आपूर्ति विप्रेषणबाट हुने गरेकोमा दीर्घकालमा यसरी भर पर्नु राष्ट्रिय स्वास्थ्य र हित अनुकुल हुदैन र राष्ट्रिय अर्थतन्त्र सवल र दिगो हुन सक्दैन ।

वैदेशिक व्यापारको अर्को महत्वपूर्ण पाटो भनेको देशको विविधिकरण पनि हो । आफ्नो उत्पादनका वस्तु जतिपनि देशमा निर्यात गर्न सक्यो त्ययतिनै व्यापारको परिमाण पनि बढ्ने हुन्छ ।

आयात बढी निर्भरता र त्यस मुलुकको व्यापारिक दवदवा रहने तथा निर्यातमा पनि सीमित मुलुकमा मात्र हुँदा परिमाणमा कम हुने हुँदा वैदेशिक व्यापारको स्थिति सन्तुलित हुन कठिन हुन्छ । नेपालको वैदेशिक व्यापारमा छिमेकी मुलुकमा भारतमाथि ठुलो निर्भरता हरेको र अमेरिका चीन जस्ता मुलुकहरूबाट पनि मनग्य आयात गर्ने गरिएको छ । व्यपारिक विविधिकरण गर्ने, वाणिज्य नीतिले अरु देशमा निर्यात बढाउनु पर्ने हुन्छ ।

प्रमुख ५ मुलुकसँगको व्यापारको स्थिति

रु लाखमा

| मुलुकहरू | वर्ष २०१६ | | | वर्ष २०१७ | | | वर्ष २०१८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आयात | निर्यात | व्यापार घाटा | आयात | निर्यात | व्यापार घाटा | आयात | निर्यात | व्यापार घाटा |
| भारत | ६२९२२४ | ४२६२१ | (५८६६०३ | ६९३९४५ | ५३६७२ | (६४०२७३ | ९११३६० | ५०५४१ | (८६०८१९ |
| अमेरिका | १०२३० | ९५११ | (७१९ | ८७१० | ८६३० | (८० | १०२८७ | १०१५६ | (१३१ |
| चीन | १३४०११ | २०५५ | (१३१९५६ | १३८१३५ | १८९१ | (१३६२४४ | १९०२२३ | २४२९ | (१८७७९४ |
| ताइवान | २१२३ | ३१४ | (१८०९ | १९६३ | १९१ | (१७७२ | ३२२७ | २६५ | (२९६२ |

रु लाखमा

| मुलुकहरू | वर्ष २०१९ | | | वर्ष २०२० | | |
|---|---|---|---|---|---|---|
| | आयात | निर्यात | व्यापार घाटा | आयात | निर्यात | व्यापार घाटा |
| भारत | ८७५७१३ | ७४२६८ | (८०१४४५ | ७४१२२३ | ३७९१० | (७०३३१३ |
| अमेरिका | १७७३६ | ११०७६ | (६६६० | २०३२० | १०२८७ | (१००३३ |
| चीन | २१८४३१ | २०३९ | (२१६३९२ | १५८७२४ | ६८१ | (१५८०४३ |
| ताइवान | ३७७५ | ३३३ | (३४४२ | १२५५ | ३४४ | (९११ |

श्रोतः- वाणिज्य तथा आपूर्ति मन्त्रालय

माथिको तालिका हेर्दा नेपालको प्रमुख व्यापरिक साझेदारी भारत, अमेरिका, चीन, हङकङ्ग तथा ताइवान कुनै पनि मुलुकसँग व्यापार सन्तुलन छैन व्यापारको अधिकाशं हिस्सा भारत सँग नै भै व्यापार घाटा पनि भारत सँग नै रहेको देखिन्छ । तत् पश्चात चिन सँग पनि व्यापार घाटाकोअवस्था आकाशिदो रूपमा अधि बढिरहेको पाइन्छ । जुन अनुपात नीति लागू हुनु अगाडी व्यापारमा (आयात निर्यात) फरक अवस्था थियो नीति लागू पश्चात पनि प्रभावकारी परिवर्तन भएको देखिदैन । भारतबाट पेट्रोलियम पदार्थ, मोटर र पार्टसको आयातका अत्याधिक वृद्धि हुनु समस्याकै रूपमा रहेको देखिन्छ ।

## १२.वाणिज्य नीति, २०७२ कार्यान्वयनको प्रभावकारीका लागि गर्नुपर्ने सुधार सम्बन्धमा सुझाव र सुझाव कार्यान्वयन सम्बन्धमा गरिनुपर्ने व्यवहार

कुनै पनि नीति बनाउदैमा हाम्रो दायित्व पुरा हुदैन । नीति कार्यान्वयन महत्वपूर्ण कुरा हो । नीति कार्यान्वयन वातावरण सृजना गर्नु, संरचना स्थापना गर्न, कानून वा औजार निर्माण गरिन पर्दछ । नीतिको प्रभावकारी कार्यान्वयनन गर्ने हो भने नीति कार्यान्वयनको नीतिगत रूपमा कार्यगत रूपमा कस्ले के गर्ने, कहिले गर्ने कसरी गर्ने, तथा त्यसको लागि आवश्यक श्रोत साधनको व्यवस्था सहितको करायान्वयन योजना आवश्यक पर्छ

प्रस्तु वाणिज्य नीति, २०७२ वाणिज्य नीति २०४९, वाणिज्य नीति २०६५ लाई विस्तापित गर्ने गरी आएको हो । पुराना नीतिहरूको मूल्याङ्कन गरी के कस्तो कमि देखियो र तिनिहरूलाई कसरी सम्वोधन गर्ने भन्ने नयाँ नीतिले पिहचान गरेको हुनु पर्छ । तर प्रस्तुत नीति तर्जुमा हुनु अघि गहन रूपमा नीतिको कार्यान्वयन उपलबधी सम्बन्धमा अनुसनधान अध्ययन हुन सकेको थिएन । तसर्थ पुरानो समस्या यथावत रूपमा उपस्थित रहेका छन् । वाणिज्य नीति ल्याउनुको मूल मकसद भनेकै देश भित्रको आन्तरिक व्यापार परादर्शि र प्रतिस्पर्धा भै जनसाधारणको सुविधालाई ध्यानमा राख्ने र वैदेशिक व्यापारमा व्यापार असन्तुलन हुन नदिन, निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थापन गर्ने हो र वैदेशिक र स्वदेशी व्यापारले राष्ट्रिय अर्थतन्त्रमा आधिकाधिक हिस्ता पुर्याउने हो ।

यस अध्ययनको मूल कुरा भनेकै वाणिज्य नीति कार्यान्वयमा के के समस्या देखिए र तिनको समाधानको उपायहरू के हुन सक्छन्, पहिचान गर्नु हो । अव हामि प्रस्तुत नीति कार्यान्वयनको अवस्था देखिएको समस्याहरूमा वारेमा उलेलेख गरौं ।

१. प्रस्तुत नीति तर्जुमा गर्नु अघि वाणिज्य नीति, २०४९ र २०६५ कार्यान्वयन गर्दा के कस्तो कठिनाइ भए, नीतिले प्राप्त गर्न खोजेको लक्ष्य प्राप्ती भयो भएन, यदि भएन भने के कस्ता बाधाका कारण भएनन् भनी अनुसन्धान अध्ययन हुनु पर्नेमा नै कुरा भएको पाइदैन । प्रस्तुत नीति तर्जुमा गर्दा आन्तरिक क्षमता, प्रक्रिया, परिस्थिति र कार्यान्वयनको वातावरण आकलन भएको देखिएन । तसर्थ नीति सिद्धान्त, अन्तरराष्ट्रिय परिस्थिति अनुरूपमा मात्र भयो र नेपाल र नेपालीको वाणिज्य नीति सम्पूर्ण रूपमा हुनु सकेन । नेपालको क्षमता अन्य परिस्थिति र उत्पादन आपूर्ति वितवरण उपभोग्ता सन्तुष्टि आदि लाई नीतिले ग्रहण गर्न क्षमता राखेन । आन्तरिक व्यापार, आयात प्रतिस्थापन प्रणाली र आयात व्यवस्थापन (अत्याधिक आयातबाट खासमा विलासिता वस्तु राष्ट्रमा उव्जन सकेने आर्थिक संकट) लाई विश्लेषण गरी नीतिले चाल्नु पर्ने कदम चालिएको छैन ।

२. कुनै पनि नीति वनाएर मात्र पुग्दैन त्यसको कार्यान्वयन खाका (Implementation framework) को आवश्यकता पर्छ, यस नीति तर्जुमा भएको ५ वर्ष नाधि सक्दा पनि कुने कार्ययोजना बनाइ कार्यान्वयनमा लागिएको छैन । हचुवा को रूपमा कार्यक्रम बनाइ कार्यान्वयन प्रयास भयो तर्सथ नीतिका कतिपय प्रावधान कार्यान्वयनको सुरुवात नै भएको छैन् । कार्यान्वयन गुरुयोजना बनाउनु सुरु गरिएको भन्ने मन्त्रालयको भनाइ रहेको छ ।

३. नीतिले जुनजुन संयन्त्रहरूको गठन गरी नीति कार्यान्वयन प्रभावकारी बनाउने भनिएको थियो, कुनै संयन्त्रनै नवनेका र कुनै संयन्त्र सक्रिया हुन नसकि दायित्व पुरा हुन नसकेको देखिन्छ ।

४. नीति कार्यान्वयनको महत्वपूर्ण अंग भनेको वार्षिक कार्यक्रम र बजेट हो, नीति कार्यान्वयन लागि आवश्यक बजेट व्यवस्था नुहुन र कार्यक्रम पनि स्वीकृतिमा स्वतन्त्रता नहुँदा नीति सँग वार्षिक कार्यक्रमको तादम्यता मिलेको देखिदैन ।

५. नीति कार्यान्वयनका लागि आवश्यक पर्ने औजारका रूपमा विभिन्न ऐनहरूको आवश्यक हुन्छ । प्रस्तुत नीतिले पनि ऐनहरूको माग गरेको देखिन्छ । एकीकृत वाणिज्य ऐन, वौद्धिक सम्पत्ति सम्वन्धी ऐन आदिको तर्जुमा हालसम्म पनि हुन सकेको छैन भने अन्य नियमावली कार्यविधि र निर्देशिका के कति आवश्यक हुन, तिनको आकलन गरी तयार गर्नुपर्नेमा हालसम्म सीमित मात्र भएको र आवश्यकतानुसार हुन सकेको छन ।

६. नीति कार्यान्वयनमा आएपछि जुन रूपमा आयात र निर्यात विचको दुरी बढेको देखिन्छ त्यसबाटै नीतिले सही समस्या, पहिचान गरी सुधारका उपाय अपनाउन सकेको छैन भन्ने प्रष्ट देखिन्छ । हुनत वाणिज्य नीतिको एकमात्र उद्देश्य व्यापार घाटा कम गर्नु मात्र नभई आन्तरिक व्यापारको व्यवस्थापन पनि हो तर आन्तरिक व्यापारको व्यवस्थापन पनि सही रूपले हुन सकिरहेको पाइएको छैन ।

७. वाणिज्य नीतिले व्यापार अभिवृद्धिका लागि विभिन्न किसिमका पूर्वाधार तयार गर्ने परिकल्पना गरेको छ जस्तै व्यापार मेला प्रदर्शनी स्थल (राष्ट्रिय र अन्तरराष्ट्रिय) व्यापार केन्द्र ड्राइपोर्ट भन्सार विन्दुमा गोदाम, आयात निर्यातका लागि सुविधायुक्त साधन व्यवस्था (रेल, ट्रक, रोपवे) आदि तथा विदेशी पोर्टमा आफ्नो देशको सामान व्यवस्थापन गर्ने गोदाम वा स्थान ससना उद्यमीको लागत कम गर्ने, सामान्य सेवा (उत्पादन) गृह आदि निर्माण गरिनु पर्नेमा त्यस्तो पूर्वाधान योजना वृद्ध ढंगले प्राथिमकताका साथ वन्ने गरेको छैन । देशमा  ढुवानी अधिकांश स्थानमा स्थलमार्गबाट हुने र सडक व्यवस्था ज्यादै नाजुक हुँदा न त्यहाँको उत्पादन (कृषि गैर कृषि) उचित लागतमा बजारमा पुग्न सक्छन र स्थानिय उपभोक्ताले उचित लागतमा सामान उपभोग गर्न पाउने स्थिति छ । सडक र वाणिज्य बीच कुनै सम्बन्ध स्थापन हुनु सकेको छैन ।

८. वाणिज्य नीतिलाई सघाउने गरी नेपाल व्यापार एकीकृत रणनीति जस्ता कार्याक्रम (आयोजना) आएता पनि तिनिहरूले पहिचान गरेका वस्तुको प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभ उपयुक्त नभएको र यो रणनीति मै प्रश्न उठेको पनि पाइन्छ । यो रणनीतिको समय सिमा पनि गत वर्ष अर्थात सन् २०२० मा सकि सकेको छ । तर अर्को रणनीति तयारीमा मन्त्रालय अझ सम्म अग्रसर भएको छैन ।

त्यसै गरी व्यापार घाटा न्यूनीकरण सम्वन्धी राष्ट्रिय कार्ययोजना २०७५ मा ल्याइएको छ र कार्यान्वयनमा ल्याएको भनिए तापिन यो कार्यायीजनाले विभिन्न निकायहरूबाट सम्पादन हुने कार्य भनि तोकिएको छ तर समन्वय भने हुन सकेको छैन र कुनै परिमाण पनि आएको छैन किन आएन भनि कहि कतै बाट सोध खोज पनि भएको छैन ।

९. नीति कार्यान्वयनमा सरकारमात्र होइन निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहन्छ । व्यापारी सङ्गठन सामुहित रूपमा निर्यात प्रवर्द्धन गर्नेतर्फ लागेको भन्दा पनि निहित स्वार्थ र आपारदर्शि व्यापारमा सलग्न हुने गरेको देखिन्छ । नेपाल निर्यात व्यावसायी महासंघ जस्ता सस्थाले पनि व्यापार घाटा कम गर्न धेरै रणनीतिहरू ल्याए तापनि ती सवै नीति रणनीति सफल भएका छैनन् (सवतन्त्र पर्यवेक्षकको भनाइ हरेको)

१० वैदेशिक व्यापारको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने वजार विस्तारमा निजी क्षेत्रलाई सहियोग र सूचना प्रवाह गर्ने ससाना उद्यमीहरूलाई पूँजी प्रविधि र गुणस्तर सुनिश्चिततामा सहयोग पुर्याउने उद्देश्यले स्थापित व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई प्रतिष्ठानको रूपमा स्थापित गराउने नीतिले परिकल्पना गरेको छ । तर उक्त केन्द्र हाल सम्म पनि सरकारद्वारा प्रदत्त बजेट कै आधारमा संचालनमा आएको छ । हाल सम्म प्रतिष्ठान वन्न सकेको छैन । यस सम्बन्धमा मन्त्रालय र प्रतिष्ठान दुवै निकायको चासो छैन ।

११. नीतिले अवलम्वन गरेको सहायता व्यापारका लागि Aid for Trade आर्थिक कुटनीति अन्तर्गत वेदेशिस्थित निर्यात मार्फत व्यापार सूचना प्रदर्शनी व्यापारी भेटघाट जस्ता कार्यका अलावा वाणिज्य तथा आपूर्ति मन्त्रालयको व्यापार वार्ता क्षमतामा वेलावेलामा कुरा उठ्ने गरेको छ। सरकारी दस्तावेज व्यवस्थापन प्रणालीमा देखिने कमि कमजोरी यस मन्त्रालयमा पनि हरेको कुरा अनुसन्धान कर्ताले मागेका कतिपय वितवरण उपलब्ध हुन नसकेको व्यहोराबाट पनि स्पष्ट हुन्छ ।

१२. देशको व्यापार भनेको विभिन्न आधारमा टेकेर (हुन सक्छ) देशभित्र उत्पादन भएन, ढुवानी र आपूर्ति व्यवस्था, सूचना भएन वा उपभोक्ताको उपयोग क्षमता बढेन भन्ने व्यापार फस्टाउन सक्दैन । वाणिज्य नीतिको सफलताको आधार उत्पादनतर्फ औद्योगिक र कृषि उत्पादन हो । औद्योगिक नीति र कृषि नीतिसँग प्रत्यक्ष परिपुरकको रूपमा वाणिज्य नीति वन्नु पर्ने हो, यस्तो महसुस नीतिबाट हुन सकेन । औद्योगिक नीतिमा निर्यात वढाउने  कुरा सम्म छ तर उक्त नीति पनि प्रभावकारी रूपमा कार्यान्वयन भएको छ भन्ने आधार देखिदैन । त्यसै गरी कृषि, पशु तथा सिचाइ वा उर्जा नीति पनि वाणिज्य नीतिको परिपुरक हुन तर त्यस्तालाई महसुस गर्ने कार्यक्रम, कही कतै बाट देखिएन ।

१३. नीतिले परिकल्पना गरेको नीति कार्यान्वयनको माथिल्लो निकाय, "वोर्ड अफ ट्रेड" सक्रिय हुन नसक्नु अर्को समस्याको रूपमा देखा परेको छ। वाणिज्य क्षेत्रमा देखा परेका समस्यालाई हल गर्न पहल गर्ने निकायनै सक्रिया हुन नसक्नु र नीतिले भनिए अनुसार काम गर्न नसक्नु विडम्वना नै भन्ने पर्छ।

१४. कुनै पनि नीतिको कार्यान्वयन प्रभावकारी बनाउन त्यसको अनुगमन र आवश्यक समयमा मूल्याङ्कन गर्नु अति आवश्यक हुन्छ । नीतिका केही जोखिम हुन्छन् । तिनीहरूलाई यिनै निश्चित क्रियाकलापको आवश्यकता पर्छ । प्रस्तुत वाणिज्य नीतिमा पनि अनुगमन मूल्याङ्कन गर्ने प्रावधान त छ तर त्यसलाई व्यवस्थित रूपमा मापदण्ड (parameters) निर्धारण गरी अनुगमन गर्ने र कार्यान्वयनमा कुनै समस्या वा त्रुटी देखिएमा तुरुन्त सच्याउनु पर्नेमा त्यो संस्थागत अनुगमनको समस्या देखिएको छ ।

वाणिज्य नीति, २०७२ कार्यान्वयनका सन्दर्भमा प्रस्तुत कमि कमजोरी देखिएका मध्ये प्रमुख समस्या उल्लेख गरियो । अझै पनि नीति असफल नै भै सक्यो भन्ने अवस्था आइ सकेको छैन तर सही वाटो (Right trace) पनि चल्न सकेको छेन ।

केही आधारभूत कुरामा सुधार (Correction) गर्ने सकिएको अवस्थामा नीतिले सफलता उन्मुख हुन सक्ने देखिन्छ ।

**सुधारका सुझाव र कार्यान्वयनको व्यवहार**

१. सस्थागत रूपमा वाणिज्य तथा आपूर्ति मन्त्रालय नै वाणिज्य नीति कार्यान्वयनको माथिल्लो (Apex Body).. हो र यस अन्तर्गतको वोर्ड अफ ट्रेड व्यापार तथा निकासी प्रवर्द्धन (प्रतिष्ठान) केन्द्र वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभाग लगायतका निकाय एव निजी क्षेत्रका सङ्गठित सस्थाहरू FNCCI, चेम्वर अफ कमर्स, नेपाल निर्यात व्यवसायी महासंघ अन्य निकाय (राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय) वसी वाणिज्य नीति २०७२ को विषय र उपलब्धी एव देखिएका समस्या र समाधानका उपायका सम्बन्धमा व्यापक छलफल गरी समीक्षा गरिनु जरुरी देखिन्छ । यही समीक्षाका आधारमा नीतिका आधारभूत कुरालाई समाहित गरी नीति कार्यान्यन कार्ययोजना बनाइ त्यही अनुसार

अघि बढनु जरुरी छ। यस्तो वहुक्षेत्रीय (पक्षीय) छलफल वाणिज्य तथा आपूर्ति मन्त्रालयले समन्वय गरी तुरुन्त नै आयोजना गर्नुपर्ने देखिन्छ ।

२. वाणिज्य नीति कार्यान्वयन गर्न र वाणिज्य क्षेत्रको प्रवर्द्धन विकास र नियमन गर्न आवश्यक पर्ने एकीकृत वाणिज्य ऐन वौद्धिक सम्पत्तिको अधिकार संरक्षण ऐन आदि चाहिने कानूनी दस्तावेजहरूको पहिचान गरी (विभिन्न छलफल र अध्ययन गरी) सो तयार र तर्जुमा प्रक्रिया तुरुन्त नै अघि वढाउन जरुरी छ ।

३. वोर्ड अफ टेर्डको क्रियाशीलता बढाउनका लागि वोर्डलाई सहयोग गर्ने सानो छरितो उपसमिति वा कार्य समिति (Mini Board) बनाइ कार्यलाई तदारुकता दिनुपर्ने देखिन्छ । वोर्ड अफ ट्रेड समितिले यो कार्य तुरुन्त गर्न सक्छ र यसरी समिति वा उपसमिति बनाउदा वोर्डले स्पष्ट कार्य विवरण र अधिकार प्रत्यायोजन गरेका नीतिले खोजेको कुरा प्राप्त गर्ने समय लाग्दैन ।

४. नीति कार्यान्वयन कार्ययोजना अनुरूप वाणिज्य तथा अन्य निकायका वार्षिक कार्यक्रमहरू वाणिज्य उन्मुख बनाउन समन्वयात्मक भूमिका राष्ट्रिय योजना आयोग सहितको मन्त्रालयको संयन्त्रले अनुगमन  हेर्न (follow up) गर्ने व्यवस्था आगामी आर्थिक वर्ष देखि शुरु गर्नुपर्ने हुन्छ ।

५. वाणिज्य क्षेत्रमा गरिनुपर्ने अनुसन्धान र अध्ययन पनि कार्ययोजन अनुरूप, गराउनु पर्छ र व्यापारमा आएका नयाँ प्रविधिको उपयोगमा वृद्धि गर्ने वेग्लै रणनीति बनाउन जरुरी छ र यो कार्य मन्त्रालय र व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र मार्फत  सम्पन्न गरिनु जरुरी छ ।

६. वाणिज्य विकासका लागि उत्पादन आपूर्ति ढुवानी तथा व्यापार पूर्वाधारको समुचित व्यवस्थाबाट हुने हुँदा यी विषयमा समन्वय गरी व्यापार पूर्वधानमा लगानी वढाउन स्पष्ट खाका तयार गरी बजेट मात्र गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ र यो आगामी आथिक वर्षबाट थालनी गर्न सकिन्छ ।

७. नेपाल व्यापार एकीकृत रणनीतिलाई परिमार्जन र पुनरावलोकन सहित पुनः तत्काल कार्यान्वयन गरिनु पर्दछ । निर्यात व्यापारलाई सहयोग गर्ने यस्ता रणनीति ज्यादै महत्वपूर्ण हुन् ।

८. नीति कार्यान्वयन र अनुगमन गर्ने मापदण्ड (parameter) तयार गरी अनुगमन व्यवस्था चुस्त गरिनु आवश्यक छ र जोखिम र कमजोरी पत्ता लगाइ समयमानै समाधान उन्मुख गर्न हुन जरुरी छ ।

## १३ उपसंहार

नीति कुनै पनि नराम्रा र कमजोर हुदैनन्, नीति कार्यान्वयन तरिका तत्परता र कार्यान्वयन जिम्मेवार निकायको सक्रियातामा त्यसको सफलता र असफलता हुने हुन्छन । वाणिज्य नीति, कार्यान्वयन हुने निकायको बढी सक्रियता र समन्वयात्मक कार्यशैली भएमा यो नीतिले केही हदमा काम गर्न सक्छ । नीति निर्माण गर्दा नै आफ्नो धरातल र क्षमतालाई ध्यानमा राखी आवश्यक अनुसन्धान र तथ्यमा आधारित भै बनाएमा नीति सफल हुने कुरामा विश्वास राख्न सकिन्छ ।

# १४ अनुसूचीहरू

अनुसूची १

**नीति अध्ययन गर्दा छलफल र सम्पर्क गरिएका महानुभावहरूको नामावली**

- डा नारायणप्रसाद रेग्मी, सह-सचिव उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
- ऋतु पन्त, उप सचिव (तथ्याङ्क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
- सरद विक्रम राणा, कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
- सुभाव खनाल, उप कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
- लेखा अधिकृत, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
- वालकृष्ण मन्त्रालय निरौला, उप सचिव, कानून उद्योग वाणिज्य तथा आपूर्ति

आनुसूची (२)

वाणिज्य नीति, २०७२ को कार्यान्वयन प्रभावकारिता अध्ययन सन्दर्भमा

क. वाणिज्य नीति, २०७२ को कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यान्वयन कार्ययोजना बनाइ सोही अनुरूप वार्षिक कार्यक्रम र बजेट बनेका छन् ?

ख. नीति कार्यान्वयनको औजार (Instrument) कानून भएको हुँदा वाणिज्य सम्वन्धी एकीकृत कानून बनाइएको छ ?

ग. आयात निर्यात व्यापारमा के कस्ता समस्यf देखिएका छन्? ती विषयमा अनुसन्धान भएका छन र छन् भने समाधान कसरी गरिने गरिएकोव छ ?

घ. वाणिज्य नीति मात्र एकाङ्की रूपमा कार्यान्वयन अपूर्ण हुन्छ। यस संगै वस्तु तथा सेवा उत्पादन गर्ने आपूर्ति नीति बीच समाञ्जस्यता कस्तो छ ? के समाञ्जस्यता चित्त वुझ्दो र राष्ट्रिय आकाङ्क्षाअनुरूप को छ ?

ङ. राष्ट्रिय योजना आयोगको १५ औ पञ्चवर्षीय योजना को वाणिज्य क्षेत्रको प्राथिमकता र वाणिज्य नीति बीच तालमेल र सामाञ्जस्ता छ ?

च. नीति र आर्थिक कार्यक्रम तथा बजेट बीच स्पष्ट तालमेल छ ?

छ. नयाँ नीति वाणिज्य आए पश्चात आयात निर्यातको अवस्था जुन परिवर्तन कस्तो अनुपातको आएको छ ? अनुपात अपेक्षित नभएको देखिएमा के कदम चालिएको छ वा अपुग वा कमि के देखिएको छ ?

ज. वाणिज्य नीति, २०७२ को जोखिम तथा अनुमानमा उल्लेखित अवस्था र विषयको समानधाका लागि कुनै कार्ययोजना बनाइ कार्य भएको छ ?

झ. वाणिज्य नीति र नेपाल एकीकृत व्यापार रणनीति, दीर्घकालीन कृषि विकास रणनीति बीच कस्तो तादम्यता छ र यसमा कुनै समस्या विद्यमान छ ?

ञ. "वोर्ड अफ हेड" वाणिज्य नीति कार्यान्वयन सहजीकरण र अनुगमन गर्ने संयन्त्रको रूपमा व्यवस्था गरिएको छ यो नयाँ नीति आएपछि कति वटा वैठक वसी नीतिगत र अनुगमनकारी कतिवटा निर्णय गरियो ?

ट. "वोर्ड अफ हेड" को निर्णय कार्यान्वयन अनुगमन व्यवस्था कस्तो छ र गर्ने गरिएको छ छैन ?

ठ. "वोर्ड अफ हेड" बाट नीति कार्यान्वयन समग्र समीक्षा गरिएको छ छैन गरिएको भए कहिले गरिएको ?

ड. वोर्डले नीति परिमार्जन नीति कार्यान्वयनमा देखिएको बाधा अध्ययन हटाउन सरकारलाई हाल सम्म कुनै सुझाव सफारिस गरेको छ छ भने के विषयमा सुझाव दिएको छ ?

ढ. नीति कार्यान्वयन गर्ने प्रयाप्त बजेट व्यवस्था भएको छ ?

ण. वाणिज्य नीतिकको वुँदा १३ अन्तर्गतका ६ वटा विषयमा (कानून वनाउने) के प्रगति भएको छ ?

त. नीतिको वुँदा नं. १५(२) मा अनुगमनका मापदण्ड (Indicators) उल्लेख छ । तिनीहरूलाई आधार मानी इन्डिकेटर निर्माण गरी अनुगमन गरिएको छ वस्तु निकायसी मूल्य अभिवृद्धि निर्यात प्रवर्द्धन आय आर्जन रोजगारी सृजना आदि उल्लेखित छ ?

थ. वाणिज्य नीति कार्यान्वयनको प्रभावकारी भएकव छ पिछ हुन सकेन भने के के कारण होलान ?

द. अन्य भन्नु पर्ने कुरा भए उल्लेख गर्नु होला

## १५ सन्दर्भ सामग्री


१. वाणिज्य नीति, २०४९- नेपाल सरकार

२. वाणिज्य नीति, २०६५- नेपाल सरकार

३. वाणिज्य नीति, २०७२- नेपाल सरकार

४. पन्धौं पञ्चवर्षीय योजना-राष्ट्रिय योजना बयोग

५. Trade policy, 2015 Review – Naindra Prasad Upadhaya Secretary MOSCS

6. Addressing Trade defect of nepal for policy research institute by- Dr santosh Adhiari

७ व्यापार घाटा न्यूनिकरण सम्वन्धी राष्ट्रिय कार्य योजना २०७५

८ Trade Policy review 2018 MOIGS

९ Nepal Development update 2021 world Bank

१० Trade Policy and trade stasticis of Nepal. oppertutities and challenge for sustainable development goal- Nawaraj lamsal and Group CBS

११ नागरिक दैनिक- २०७७/१२/२९ पृष्ट६

१२ वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक प्रगति समित २०७५

१३ वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक प्रगति समित २०७६

१४. वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक प्रगति समित २०७७

१५ वाणिज्य तथा आपूर्ति मन्त्रालय व्यापार स्थिति विवरण

१६. व्यापार तथा निर्यात प्रवद्धन केन्द्र गठन आदेश

१७ सेफगार्ड एन्टषम्पिङ तथा काउन्टर भ्यालिङ्ग ऐन, २०७६

१८. सार्वजनिक निजी क्षेत्र साझेदारी ऐन, २०७५

*Government of Nepal*

**National Planning Commission**

Singha Durbar, Kathmandu

Phone: +977 - 1- 4211970

Fax: +977 - 01 4211700

Email: npc@npc.gov.np